बागमती प्रदेश सभा

सार्वजनिक लेखा समिति

हेटौंडा, नेपाल

महालेखापरीक्षकको बार्षिक प्रतिवेदन उपर मा. रमेश पौड्याल संयोजकत्वमा भएको गठित उपसमितिको प्रतिवेदन

विषयसूची

	पृष्ठ संख्या
परिच्छेद – १ परिचय	**१-३**
१.१ पृष्ठभूमि	१
१.२ अध्ययनको उद्देश्य	२
१.३ उपसमितिको कार्यक्षेत्र	२
१.४ अध्ययन विधि	३
परिच्छेद – २ महालेखापरीक्षकको प्रतिवेदन उपर भएको निर्णय	**४-३८**
२.१ आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४
२.२ आर्थिक मामिला तथा योजना मन्त्रालय	९
२.३ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	२३
परिच्छेद – ३ महालेखापरीक्षकको प्रतिवेदन उपर भएको निर्णय	**३९-७९**
३.१ आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३९
३.२ आर्थिक मामिला तथा योजना मन्त्रालय	४५
३.३ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	६३
अनुसूचि १ स्थलगत अनुगमनका तस्विरहरु	**८०**

परिच्छेद -१

परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १९३ बमोजिमप्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम सार्वजनिक लेखा समितिको गठन भएको छ। यस समितिको कार्यक्षेत्र अन्तर्गत महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी रहेको छ। नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था अनुसार महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको वार्षिक प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश हुने र सो प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल हुने प्रक्रिया रहेको छ।

बागमती प्रदेशको महालेखापरीक्षकको तेस्रो वार्षिक प्रतिवेदन, २०७८ प्रदेश सभामा पेश भई सार्वजनिक लेखा समितिले ग्रहण गरी प्रतिवेदनमा उल्लेखित मन्त्रालय/निकायगत व्यहोरा उपरदफावार छलफल गर्न सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा बसेको समितिको मिति २०७९ साल जेठ १७ गतेको ७३ औं बैठकले चार वटा उपसमितिहरु गठन गरी कार्यविभाजन मार्फत् समितिको कामलाई विशिष्टिकृत गरेर छलफल गर्ने, आवश्यक स्थानको स्थलगत अनुगमन गर्ने र बेरुजू फछ्र्यौट एवं समितिसमक्ष सिफारिस गर्ने अधिकारसहित जिम्मेवारी प्रदान गरेको थियो। महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन, २०७९ समेत सभामा पेश भई समितिले ग्रहण गरेकाले सोही उपसमितिहरुलाई नै जिम्मेवारी रहने गरी दुवै वार्षिक प्रतिवेदनहरुमाथि दफावार छलफल गर्नेगरी मिति २०७९/०४/०८ गतेको ७५ औं बैठकबाट निर्णय भएको थियो। यस उपसमितिमा महालेखापरीक्षकका प्रतिनिधिसहित उपसमितिको कार्यक्षेत्र भित्रका निकायसँग बैठक बसी प्रतिवेदन उपर छुट्टाछुट्टै छलफल गरी आवश्यक निर्देशन दिएको थियो। यसै क्रममा मिति २०७९ साल श्रावण २४ गतेको बैठकले मिति २०७९ साल भाद्र १५ गते सम्ममा समितिसमक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय रमेश पौड्यालको संयोजकत्वमा तपशिल बमोजिमको तीन सदस्यीय उपसमिति रहने गरी समितिका सदस्यको हेरफेर गरेको थियो

भने मिति २०७९ श्रावण २९ गते बसेको समितिको बैठकबाट उपसमितिको कार्यावधी २०७९ भाद्र मसान्त सम्म रहने निर्णय भएको थियो ।

तपशिल

१. माननीय रमेश पौड्याल - संयोजक
२. माननीय जीवन खड्का - सदस्य
३. माननीय जुनेलीमाया श्रेष्ठ - सदस्य

सोही क्रममा उपसमितिको मिति २०७९ साल श्रावण २५ गते पहिलो बैठक बसी सम्बन्धित निकायहरुलाई बेरुजू फछ्र्यौटको प्रगति विवरण माग गरेको थियो। विस्तृत विवरण माग गर्ने र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित उपसमितिले मन्त्रालय तथा आयोगसँग त्रीपक्षीय छलफल गर्दै आवश्यक स्थानको स्थलगत अनुगमन समेत गरेर निर्णयको प्रतिवेदन तयार गरी उपसमितिको दशौं बैठकले उक्त प्रतिवेदन पारित गरेको हो।

१.२ अध्ययनको उद्देश्य

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ अन्तर्गत प्रदेश मन्त्रालय, सचिवालय, आयोग र मातहतका निकायहरुको प्रतिवेदनमा उल्लिखित व्यहोरा उपर छलफल गरी बेरुजू फछ्र्यौट गर्ने तथा फछ्र्यौटको लागि समितिसमक्ष सिफारिस गर्ने। साथै महालेखापरीक्षकको कार्यालयले औंल्याएको बेरुजू सम्बन्धमा आवश्यक अध्ययन तथा छानविन गरी वास्तविक अवस्था पत्ता लगाई समिति समक्ष प्रतिवेदन पेश गर्ने। आगामी दिनमा प्रदेशको बेरुजूलाई नियन्त्रण एवं न्यूनीकरण गर्न सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउनुका साथै हुनसक्ने आर्थिक अनियमितता र दुरुपयोग नियन्त्रण गर्ने।

१.३ उपसमितिको कार्यक्षेत्र

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ मा उल्लिखित मन्त्रालय र अन्य निकायको व्यहोरा उपर महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित सम्बन्धित् निकायहरुसँग त्रीपक्षीय छलफल गर्ने साथै आवश्यक स्थानको स्थलगत अनुगमन गरी बेरुजू फछ्र्यौट एव फछ्र्यौटको लागि समिति समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने।

- उपसमितिको कार्यक्षेत्र अन्तर्गत आर्थिक मामिला तथा कानुन मन्त्रालय, साविक उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय रहेका थिए।

१.४ अध्ययन विधि

- आर्थिक मामिला तथा कानुन मन्त्रालय, साविक उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग बेरुजू फछ्र्यौटको प्रगति विवरण तथा प्रतिकृया माग गरी अध्ययन गरिएको।
- महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसहित सम्बन्धित् मन्त्रालय र आयोगसँग त्रीपक्षीय छलफल गरिएको।
- स्थलगत अनुगमन गरिएको।

परिच्छेद २

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ उपर भएका निर्णयहरु

२.१ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७४ बमोजिम प्रदेश प्रहरी संचालन, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, संघीय मापदण्डबमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन, पारिवारिक मामिला सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम संचालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, साइवर सुरक्षा अनुगमन, श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, केवुल वितरणको इजाजत, नवीकरण र नियमन, सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।	- प्रदेश सरकारको प्रभावकारिता वृद्धिका लागि कार्य विभाजन नियमावली बमोजिमका सम्पूर्ण कार्य गर्नुपर्नेमा जनशक्ति अभाव तथा प्रहरी कार्याल र कारागार कार्यालयको हकमा अन्तर तह समन्वयको अभाव देखिएको साथै प्रहरी समायोजन नभएको अवस्थाले समस्या रहेता पनि मन्त्रालयले जनशक्ति व्यवस्थापन तथा उच्चतम उपयोग तथा समन्वय सहकार्यका आधारमा उच्चतम उपलब्धी हासिल गर्दै तोकिएका जिम्मेवारी पूरा गर्न निर्देशन दिने।
२	२	संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७६।७७ सम्म ५८ ऐन,२८ नियमावली,२	- आवश्यक कानून निर्माणका लागि विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरी थप

		विनियमावली,१० गठन आदेश,२३ कार्यविधि,५ निर्देशिका,१ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १३० कानुन तथा कार्यविधि निर्माण गरेको छ । प्रदेशको संचालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधिको पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।	आवश्यक कानूनको समेत पहिचान गरी तर्जुमा गर्न निर्देशन दिने।
३	३	यस वर्षको बजेट बक्तव्यमा प्रदेश सुरक्षा नीति तर्जुमा,प्रदेश अनुसन्धान व्यूरो स्थापना र संचालन,नागरिक शिक्षाको लागि प्रदेश जागरण,कैदी बन्दीलाई क्षमता विकास कार्यक्रम,न्यायिक समितिका पदाधिकारीलाई तालिम,कानुन तर्जुमा सम्बन्धी तालिम,कारागारमा उत्पादित सामग्री बजारीकरण कार्यक्रम,लागू औषध विरुद्धको सचेतना कार्यक्रम,मानव बेचबिखन लैगिक तथा घरेलु हिंसा विरुद्धको कार्यक्रम लगायतका कार्यक्रमहरू संचालन गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन । बजेटमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।	- बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन नगर्दा खर्च गर्ने क्षमतामाथि प्रश्न उठ्छ भने अर्का तर्फ वार्षिक नीति तथा कार्यक्रमको उद्देश्य समेत प्राप्त हुन नसक्ने भएकाले कार्यक्रमहरु कार्यान्वयनमा जोड दिने निर्देशन दिने।
४	४	प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम २६ र २७ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति ६५.५५ प्रतिशत रहेको छ । कुल ३४ क्रियाकलापमध्ये सुरक्षा नीति तर्जुमा, क्षमता विकास तालिम लगायत १८ क्रियाकलापहरूमा कुनै कार्य नभई प्रगति शुन्य रहेको र ११ क्रियाकलापहरूमा ५० प्रतिशतसम्म भौतिक प्रगति भएको छ । निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ ।	- निर्धारित लक्ष्य हासिल गर्न समयमै व्यवस्थापकीय तयारी गर्नुपर्ने र आगामी दिनहरुमा तोकिएको लक्ष्य प्राप्तिमा प्रतिवद्ध हुन निर्देशन दिने।

५	५	विपद् व्यवस्थापन ऐन,२०७५ को दफा ४५ बमोजिम मन्त्रालयले कोरोना भाइरस संक्रमण,रोकथाम,नियन्त्रण तथा उपचार सहयोग कार्यविधि,२०७६ जारी गरी स्थापना गरेकोमा कोषमा प्रदेश सरकारको रु.४० करोड,प्रदेशका विभिन्न पदाधिकारी र कर्मचारीहरूबाट रु.२ करोड ४३ लाख २२ हजार र अन्य संस्थाबाट रु.१ करोड ९७ लाख २ हजार समेत रु.४४ करोड ४० लाख २४ हजार जम्मा भएको छ । कोषबाट काठमाण्डौ जिल्ला बाहेक १२ जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.५ लाखका दरले रु.६० लाख र प्रदेश भित्रका ११९ स्थानीय तहहरूलाई रु.१० देखि २० लाखका दरले रु.१३ करोड ७ लाख समेत रु.१३ करोड ६७ लाख निकासा दिई रु.३० करोड ७३ लाख २४ हजार वचत रहेको छ ।	- खर्च विवरणबारे सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिलाई पत्राचार गरी विवरण प्राप्त भई अद्यावधिक हुन निर्देशन दिने।
६	६	विपद् व्यवस्थापन ऐन,२०७५ अनुसार स्थापना भएको विपद् व्यवस्थापन कोषमा मन्त्रालयले गत वर्ष जम्मा गरेको रु.५ करोड र यस वर्ष सहयोग प्राप्त रु.१ लाख ८३ हजार समेत रु.५ करोड १ लाख ८३ हजारमध्ये बाढी पहिरो दुर्घटना आदिबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई प्रतिव्यक्ति रु.१ लाखका दरले सहयोग प्रदान गरी रु.२६ लाख खर्च भई रु.४ करोड ७५ लाख ८३ हजार मौज्दात रहेको छ ।	- कोष स्थापनाको उद्देश्य अनुरुप खर्च हुनुपर्ने र खर्चबारे मन्त्रालय पूर्ण रुपमा जानकार हुनुपर्ने, हरेक क्रियाकलापको खर्चको विवरण प्राप्त हुन अन्तर तह समन्वय हुनुपर्ने।

सञ्चार रजिष्ट्रारको कार्यालय			
७	७	प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ अनुसार प्रदेशभित्र पत्रपत्रिका दर्ता गर्ने,पत्रपत्रिकाको अभिलेख अद्यावधिक राख्ने,पत्रपत्रिकाको वर्गीकरण गर्ने,अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने,अनलाइन पत्रकारिताको प्रमाणपत्र दिने,विवरण राख्ने र पत्रपत्रिका तथा अनलाइन खबरहरूको नियमन गर्ने लगायतका कार्य गर्ने उल्लेख छ । यसैगरी प्रदेशभित्र एक सय देखि एक हजार वाट्सम्मको रेडियो,एफ.एम. र स्याटलाइट प्रणालीबाट प्रशारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति,रेखदेख र संचालनको नीति निर्माण र कार्यान्वयन गर्ने,इजाजत पत्र दिने,नवीकरण गर्ने,प्रशारणमा रोक लगाउन सकिने,नियमन गर्ने,प्रशारण तथा वितरण शुल्क असुल गर्ने,प्रशारण माध्यमको वर्गीकरण गर्ने लगायतका कार्य समेत गर्नुपर्ने उल्लेख छ । कानुनमा उल्लेख भएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नुपर्दछ ।	- आवश्यक जनशक्तिको व्यवस्थापन गरी तोकिएका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्ने निर्देशन दिने।
८	८	प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ अनुसार पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि पत्रकार कल्याणकोषको स्थापना गरेको छ । उक्त कोषमा कार्यालयको तर्फबाट रु.१५ लाख र पत्रकारहरूतर्फबाट रु.६ हजार समेत रु.१५ लाख ६ हजार जम्मा भएको छ । कोष संचालन कार्यविधि र मापदण्ड तर्जुमा हुनुपर्दछ ।	- कोष संचालन कार्यविधी शीघ्र तर्जुमा गरी लक्षित उद्देश्य हासिल गर्न निर्देशन दिने।

९	९	विपद् तथा जोखिम पत्रकारिता सहयोग कार्यक्रम संचालन कार्यविधि,२०७६ अनुसार पत्रकार महासंघका काठमाडौं,सिन्धुपाल्चोक, दोलखा,रसुवा,धादिङ्ग र सिन्धुली जिल्ला स्थित कार्यालयहरूलाई ल्यापटप, पावर बैंक, माइक्रोफोन, व्याग,मोबाइल ट्राइपट र टर्चलाइट दुई दुई थानका दरले उपलब्ध गराउँदा रु.११ लाख १३ हजार खर्च भएको छ । कार्यविधि बमोजिम यस किसिमको खर्च गर्न मिल्ने देखिएन ।	- कार्यविधी विपरितको खर्च मनासिव नदेखिएकाले यस्ता प्रकृतिका खर्चहरु नगर्न र वितरणमुखी कार्यक्रम सञ्चालन नगर्न निर्देशन दिने। - बजेट किताब र कार्यविधी लगायत अन्य प्रमाण माग गर्ने।
बेरुजु स्थितिः लगती बेरुजुको शीघ्र सम्परीक्षण गराई विवरण अद्यावधिक गर्न निर्देशन दिने।			

२.२ आर्थिक मामिला तथा योजना मन्त्रालय

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजूको दफा</th><th>बेरुजूको व्यहोरा</th><th>समितिको निर्णय</th></tr>
<tr><td>१</td><td>१</td><td>प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण,आर्थिक नीतिको तर्जुमा,लगानी प्रक्षेपण,मूल्य स्थिति,सहवित्तीयकरण,प्रादेशिक वित्त सन्तुलन,आवधिक एवं क्षेत्रगत योजना,अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन्।तोकिएको जिम्मेवारी पुरा गर्नु पर्दछ।</td><td>- जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिई तोकिएको कार्य जिम्मेवारी पूरा गर्न निर्देशन दिने।</td></tr>
<tr><td>२</td><td>२</td><td>प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नु पर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ।मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट,खर्च र बचतको अवस्था निम्नानुसार रहेको छ : (रु. हजारमा)
<table>
<tr><th>आर्थिक वर्ष</th><th>आय व्यय अनुमान</th><th>वास्तविक आय</th><th>वास्तविक खर्च</th><th>फिर्ता तथा समायोजन</th><th>बचत</th></tr>
</table></td><td>- खर्च गर्ने क्षमता वृद्धिका लागि जनशक्ति व्यवस्थापन, योजना तर्जुमा प्रणालीमा सुधार, विषयगत मन्त्रालयहरुसँग निरन्तर छलफल सहकार्य र समन्वय, कार्यविधी, मापदण्ड तथा कानून निर्माणमा सहजीकरण गर्न तथा वार्षिक कार्य योजनाको अनिवार्य परिपालनका लागि मन्त्रालयहरुसँग समन्वय गर्न निर्देशन दिने।</td></tr>
</table>

२०७६।७७	४७६०७८८६	४८३५१०२७	२७९५०८७०	२९०९१३२	१७४९१०२५
२०७५।७६	३४०२६१५९	३३७७३४५६	२०६५२७०२	२९४४५४८	१०१७६२०६
२०७४।७५	१०२०५०००	१०२०५०००	२६९४७४	४८	७५०९७८

उल्लिखित तालिकाको विश्लेषण गर्दा तीन वर्षमा अनुमानको हाराहारी वा सो भन्दा केही बढी आय प्राप्त भएको छ । अनुमानको तुलनामा २०७४/७५ मा २६.४१ प्रतिशत २०७५/७६ मा ६०.७० प्रतिशत र २०७६/७७ मा ५८.७१ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ५९.३४ प्रतिशत मात्र खर्च भएको छ । अनुमान अनुसार नै आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन। खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

३	३	गत वर्षको बचत कर र अन्य राजस्व समेत कुल आय रु.४८ अर्ब ३५ करोड १० लाख २७ हजारमध्ये बाँडफाँट भई प्राप्त हुने कर रु.१४ अर्ब ९९ करोड ६१ लाख ८२ हजार (३१ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्वबाट रु.६ अर्ब ५४ करोड ५ लाख ५३ हजार (१३.५२ प्रतिशत),संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार (३४.४० प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट प्राप्त भएको देखिन्छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ ।	- आन्तरिक आयका लागि सम्भावित क्षेत्रहरुको पहिचान गरी करको दायरालाई विस्तृत गर्न अध्ययन टोलीको गठन, छलफल तथा राजश्वको विवरण चुस्त प्रणालीमा राख्न र अन्तर तह समन्वयमा ध्यान दिन र सोही बमोजिम कार्य गर्न निर्देशन दिने।

<table>
<tr>
<td>४</td>
<td>४</td>
<td>अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन,२०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति,खर्च र फिर्ताको स्थिति देहायअनुसार छः
(रु. हजारमा)
<table>
<tr><th>खर्च शीर्षक</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th><th>फिर्ता गर्नुपर्ने</th></tr>
<tr><td>समानीकरण अनुदान</td><td>७५९६४००</td><td>७५९६४००</td><td>४२७८२०७</td><td>०</td></tr>
<tr><td>सशर्त अनुदान</td><td>७४६४९००</td><td>७९७८४९७</td><td>५९५०५१२</td><td>२०२७९८५</td></tr>
<tr><td>समपुरक अनुदान</td><td>१०००००००</td><td>६४६६००</td><td>१२२५६३</td><td>५२४०३७</td></tr>
<tr><td>विशेष अनुदान</td><td>२०००००००</td><td>४१००००</td><td>५२८९०</td><td>३५७११०</td></tr>
<tr><td>जम्मा</td><td>१८०६१३००</td><td>१६६३१४९७</td><td>१०४०४१७२</td><td>२९०९१३२</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः</td>
<td></td>
</tr>
<tr>
<td>५</td>
<td>४.१</td>
<td>वित्तीय समानीकरण अनुदान लगायतको बजेट रु.१८ अर्ब ६ करोड १३ लाख मध्ये रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार (९२.०८ प्रतिशत) निकासा प्राप्त भएको छ । अनुदानमध्ये समानीकरण अनुदान बजेट अनुसार नै निकासा भएकोमा सशर्त अनुदान बजेटभन्दा बढी समपूरक र विशेष अनुदान बजेटभन्दा कम प्राप्त भएको छ ।</td>
<td>- प्राप्त हुनुपर्ने बजेटका लागि समयमै आवश्यक पहल गरी स्रोतको सुनिश्चितता गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>६</td>
<td>४.२</td>
<td>अनुदान निकासा रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार मध्ये रु.१० अर्ब ४० करोड ४१ लाख ७२ हजार अर्थात् ६२.०८ प्रतिशत मात्र खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्ब ५९ करोड ६४ लाख मध्ये रु.४ अर्ब २७ करोड ८२ लाख ७ हजार खर्च भई रु.३ अर्ब ३१ करोड ८१ लाख ९३</td>
<td>- खर्च गर्ने दक्षता वृद्धि गर्न, डिपिआर नबनेका र पूर्व तयारी नभएका योजनामा बजेट तर्जुमा गर्दा विशेष ध्यान दिन, ठेक्का व्यवस्थापन र कार्यान्वयन संयन्त्र सबल बनाउन, जनशक्ति व्यवस्थापन गर्न र बजेट निर्माण प्रक्रियालाई प्रभावकारी</td>
</tr>
</table>

		हजार बचत रहेको छ। सशर्त,समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रु.२ अर्ब ९० करोड ९१ लाख ३२ हजार फिर्ता भएको छ । यसरी प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्चको दक्षता वृद्धि गर्नुपर्दछ ।	बनाउन निर्देशन दिने।
७	५	प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.१ अर्ब ७८ करोड ११ लाख,समानीकरणमा रु.१ अर्ब २४ करोड ८६ लाख,समपुरकमा रु.१ अर्ब २२ करोड ७८ लाख र विशेषमा रु.१९ करोड ७६ लाख समेतरु.४ अर्ब ४५ करोड ५१ लाख अनुदान उपलब्ध गराएको छ । सोमध्ये समानीकरणमा रु.७८ करोड १० लाख,सशर्तमा रु.१ अर्ब ४२ करोड ४२ लाख,समपुरकमा रु.५३ करोड ८७ लाख र विशेषमा रु.८ करोड ८४ लाख समेत गरी कुल रु.२ अर्ब ८३ करोड २३ लाख अर्थात्६४ प्रतिशत मात्र खर्च भएकोछ । खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.३५ करोड ६८ लाख,समपुरक रु.६८ करोड ९१ लाख र विशेषतर्फरु.१० करोड ९२ लाख समेत गरी कुल रु.१ अर्ब १५ करोड ५१ लाख फिर्ता लिनुपर्नेमा रु.८९ करोड ५४ लाख मात्र फिर्ता प्राप्त गरेको छ ।बाँकी रहेको रु.२५ करोड ९७ लाखमध्ये लेखापरीक्षण अवधिसम्म पनि २० स्थानीय तहबाट रु.१२ करोड ७८ लाख ९८ हजार फिर्ता हुन बाँकी देखिन्छ ।	- फिर्ता हुनुपर्ने र भइसकेको विवरण अद्यावधिक गरी पेश गर्न निर्देशन दिने।

८	६	संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ।२०७६।७७ मा कोषमा जम्मा भएको रकम रु.६ अर्ब ४९ करोड ३२ लाखमध्ये रु.६ अर्ब ५ करोड ८८ लाख सोही वर्ष र बाँकी रकम पछिल्लो वर्ष बाँडफाँट भएको छ । प्रदेश विभाज्य कोषबाट स्थानीय तहहरूलाई रु.२ अर्ब ५९ करोड ७२ लाख हस्तान्तरण भएकोमा स्थानीय तहको विभाज्य कोषबाट विज्ञापन कर बापत रु.४ करोड ३० लाख,मनोरञ्जन कर बापत रु.८० लाख,दहत्तर बहत्तर बापत रु.९८ करोड ७० लाख समेत रु.१ अर्ब ३ करोड ८० लाख प्राप्त भएको छ । स्थानीय तहको विभाज्य कोष बाँडफाँट सम्बन्धमा अनुगमन गरी सम्पूर्ण रकम प्राप्ति सुनिश्चितता गर्नुपर्दछ ।	- प्रभावकारी अनुगमन संयन्त्रको निर्माण गरी राजश्व रकमहरु प्राप्तिको सुनिश्चितता गर्न निर्देशन दिने।
९	७	यस वर्षको बजेट वक्तव्यमा उल्लेख भएका वित्तीय सुशासन रणनीति तर्जुमा, बजेट तर्जुमा दिग्दर्शन निर्माण, वित्तीय साक्षरतामा आधारित बैंकिङ्ग प्रणाली मार्फत सबै कारोवारको संचालन, राजस्व चुहावट नियन्त्रण रणनीति तर्जुमा एवं प्रदेश विकास सहायता परिचालन नीति तर्जुमा लगायतका कार्य भएको छैन । बजेट निर्माण गर्ने मन्त्रालय आफैले गर्ने भनी घोषणा गरेका कार्य सम्पादन नहुनु उचित देखिएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।	- बजेट वक्तव्यमा उल्लिखित कार्यहरु गरी स्रोत परिचालन दक्षता अभिवृद्धि र सेवा प्रवाहलाई प्रभावकारी बनाउन शीघ्र आवश्यक संयन्त्रको निर्माण गर्न निर्देशन दिने।
१०	८	प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता	- आयोजना तर्जुमा र स्वीकृतीका लागि निर्मित कानूनको परिपालना र अन्तर

		अध्ययन र आर्थिक,प्राविधिक,वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण,ड्रइङ्ग,डिजाइन,लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रक्रिया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । कानूनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।	मन्त्रालय समन्वय गरी प्रभावकारी आयोजनाको स्वीकृति र संचालन गर्न निर्देशन दिने। - प्रदेश सरकारले स्थापना कालदेखिनै अघि सार्दै आएको "परियोजना बैंक" को अवधारणालाई व्यवहारमा लागू गर्न निर्देशन दिने।
११	९	महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघीय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु.३१ करोड ५५ लाख र सोघभर्ना हुने अनुदानबाट रु.४ करोड १४ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएकोमा प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकम दातागत अभिलेखमा नजनिने र सोको सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ ।	- स्रोतगत विवरण स्पष्ट हुने गरी अभिलेख व्यवस्थापन गर्न र एकिकृत विवरणमा सम्पूर्ण स्रोतको स्पष्ट चित्रण हुने व्यवस्था गर्न निर्देशन दिने।

१२	१०	प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३६(२) मा खर्च गर्ने वा निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र निकासा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नु पर्नेमा प्रयोजन नखुलाई रु.३ अर्ब २९ करोड ७९ लाख ८५ हजार विनियोजन गरेको छ ।	- अवण्डा रकम राख्नाले बजेट वितरणमा स्वविकेकीय अधिकार हावी हुने र बजेटको वास्तविक मर्म विपरित कार्यान्वयनको जोखिम हुने भएकाले अवण्डा शिर्षकमा बजेट विनियोजन नगर्न निर्देशन दिने।
१३	११	प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ४१(३) मा विनियोजित बजेटको २० प्रतिशत भन्दा बढी रकमान्तर गर्न नपाईने व्यवस्था भएकोमा विनियोजित बजेट रु.४७ अर्ब ६० करोड ७९ लाखको २४.८० प्रतिशत अर्थात् रु.११ अर्ब ८० करोड ९७ लाख रकमान्तर थप/घट गरेको छ । रकमान्तर मध्ये २०७७ वैशाखदेखि असारसम्म रु.३ अर्ब ३७ करोड ८३ लाख ५१ हजार रकमान्तर भई थपघट भएको छ । आर्थिक वर्षको अन्तिम ६ दिनमा भौतिक पूर्वाधार विकास मन्त्रालयको रु.३२ करोड ४४ लाख ४९ हजार रकमान्तर गरेको छ । एक शीर्षकमा विनियोजित बजेट अर्को शीर्षकमा रकमान्तर गरी खर्च गर्ने कार्यले आर्थिक अनुशासनलाई असर गर्ने भएकोले आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।	- रकमान्तरले आर्थिक अनुशासन उलंघनलाई प्रश्रय दिने र आर्थिक वर्षको अन्त्यमा हुने रकमान्तरले खर्च गर्ने क्षमतामा समेत ह्रास ल्याउने भएकाले नियमावलीको सिमा भित्र रही कार्यान्वयन योग्य समय समेतका आधारमा मात्र रकमान्तर गर्ने र सकेसम्म रकमान्तर गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिने।
१४	१२	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३२ मा स्थानीयतहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरीआफ्नो आय व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण	- प्रदेश सरकारले स्थानीय सरकारसँग नियमित प्रतिवेदन प्राप्त गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्न र यसका लागि निरन्तर अन्तर तह सञ्चार र समन्वय प्रभावकारी बनाउन निर्देशन दिने।

		स्थानीय तहबाट संकलन गरेको र अर्थ मन्त्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रूपमा सरकारका तीनवटै तहले गरेको खर्च यकिन हुन सकेन । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा स्थितिमा सुधार भएको छैन । क्षेत्रगत रूपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१५	१३	बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति चालु कार्यक्रमतर्फ १३.९४ प्रतिशत र पुँजीगत कार्यक्रमतर्फ ४.९६ प्रतिशत रहेको छ । कुल ३४ क्रियाकलाप मध्ये सार्वजनिक निजी साझेदारी कार्यक्रम,पूर्व बजेट छलफल,बजेट कार्यान्वयन समीक्षा र अनुगमन,परियोजना बैंक सम्बन्धी कार्य लगायत १७ क्रियाकलापहरूमा रु.१७ करोड ३० लाख २० हजार बजेट व्यवस्था भएकोमा कुनै कार्य नभई प्रगति शुन्य रहेको छ । बजेट व्यवस्था सहित निर्धारित क्रियाकलापहरूको कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।	- निर्दिष्ट कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक आधारहरुको निर्माण र परिचालन गरी कार्यान्वयन दक्षता अभिवृद्धि गर्न निर्देशन दिने।
१६	१४	प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने,राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने,राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने,अनुगमन मूल्याङ्कन गर्ने,अनुभवहरूबाट सिक्ने,स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना,ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा	- दिगो विकासका सूचकहरुको आन्तरिकीकरण र अन्तर तह समन्वय एवं सहकार्य गरी अपेक्षित राष्ट्रिय लक्ष्य हासिल गर्न अन्तर सम्बन्धित विषयहरुमा ध्यान केन्द्रित गर्न र कार्यान्वयन संयन्त्र विकास गर्न निर्देशन दिने।

<table>
<tr><td></td><td></td><td>दिगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन। नीति आयोग मार्फत संघीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td>१५</td><td>प्रदेश सरकारको २०७६।७७ को सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :
(रु. हजारमा)
<table>
<tr><th>आय विवरण</th><th>२०७६।७७</th><th>२०७५।७६</th></tr>
<tr><td>राजस्व तथा अनुदान</td><td>३१७१९५३०</td><td>१८६४६८६१</td></tr>
<tr><td>गत वर्षको मौज्दात</td><td>१०१८२७९५</td><td>७५१०७४</td></tr>
<tr><td>कर राजस्व</td><td>१७५३५६२०</td><td>१२५०४७५४</td></tr>
<tr><td>अन्य राजस्व</td><td>२८५८२५५</td><td>५३७९९२७</td></tr>
<tr><td>गत वर्षको नगद मौज्दात तथा बेरुजु</td><td>११४२८६०</td><td>१११०६</td></tr>
<tr><td>संघीय सरकारबाट हस्तान्तरित अनुदान</td><td>१६६३१४९७</td><td>१५१२६५९५</td></tr>
<tr><td>समानीकरण अनुदान</td><td>७५९६४००</td><td>५९६९७००</td></tr>
</table></td><td></td></tr>
</table>

			सशर्त अनुदान	७९७८४९७	८५५६८९५	
			समपुरक अनुदान	६४६६००	६०००००	
			विशेष अनुदान	४१००००	०	
			जम्मा आय	**४८३५१०२७**	**३३७७३४५६**	
			व्यय विवरण			
			सञ्चित कोष माथि व्यभार हुने	**६९५६**	**०**	
			चालु	६९५६	०	
			पूँजीगत	०	०	
			विनियोजन ऐनद्वारा खर्च	**२७९४३९१४**	**२०६५२७०२**	
			चालु	१२२६१८९३	११०९८३३४	
			पूँजीगत	१५६८२०२१	९५५४३६८	
			जम्मा व्यय	**२७९५०८७०**	**२०६५२७०२**	
			कार्यालयबाट खर्च भएको तर बैङ्कबाट भुक्तानी भएको समायोजन खर्च	-४२२	-३२९४	
			बैङ्कबाट साटन बाँकी चेक पछिको जम्मा खर्च	२७९५०४४८	२०६४९४०८	
			अनुदान फिर्ता गरिएको रकम	२९०९१३२	२९४१२५३	

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>यस वर्षको बचत रकम</td><td>१७४९१४४७</td><td>१०१८२७९५</td></tr>
<tr><td>जम्मा व्यय</td><td>४८३५१०२७</td><td>३३७७३४५६</td></tr>
</table>
प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसारछन्:</td><td></td></tr>
<tr><td>१८</td><td>१५.१</td><td>गत वर्षको संचितकोषमा रु.१० अर्ब १८ करोड २७ लाख ९५ हजार बाँकी देखाएकोमा यो वर्ष साट्न बाँकी चेकको रकम रु.४२ लाख २२ हजार समेत रु.१७ अर्ब ४९ करोड १४ लाख ४७ हजार जिम्मेवारी सारेको छ।
स्थानीय तह र अन्य सरकारी एवं गैरसरकारी निकायहरूलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेको छ।प्रदेश सञ्चित कोषमा खर्च भएको रकम मध्ये स्थानीय तहमा वित्तीय हस्तान्तरण अनुदान वापत रु.४ अर्ब ४५ करोड ५१ लाख ५५ हजार पठाएको छ।सो मध्ये खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.३५ करोड ६८ लाख, समपुरक रु.६८ करोड ९१ लाख र विशेषतर्फरु.१० करोड ९२ लाख समेत गरी कुल रु.१ अर्ब १५ करोड ५१ लाख फिर्ता लिनुपर्नेमा रु.८९ करोड ५४ लाख मात्र फिर्ता प्राप्त गरेको छ ।बाँकी रहेको रु.२५ करोड ९७ लाखमध्ये लेखापरीक्षण अवधिसम्म २० स्थानीय तहबाट रु.१२ करोड ७८ लाख ९८ हजार फिर्ता हुन बाँकी छ । यसरी पठाएको सबै अनुदान प्रदेश संचित कोषमा खर्च देखाएकोमा फिर्ता हुने रु.१ अर्ब १५ करोड ५१ लाख स्थानीय तहमा खर्च नभै फिर्ता आएकोले सो रकमले प्रदेशको खर्च तथा राजस्व वृद्धि भएको छ । निकासाको आधारमा खर्च देखाएकोले सञ्चित कोषको खर्च यथार्थपरक रहेको छैन।</td><td>- यथार्थमा आधारित खर्च लेख्ने प्रणालीको विकास गर्न निर्देशन दिने।</td></tr>
</table>

१९	१५.२	आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कोरोना कोषमा रु.४० करोड जम्मा गरेको आधारमा खर्च देखाएको छ । सो कोषमा रु.३० करोड ७३ लाख २४ हजार मौज्दात नै देखिएकोले प्रदेश सञ्चित कोषमा देखाएको खर्च यथार्थपरक देखिएन ।	- यथार्थपरक खर्च देखिने प्रणालीको विकास गर्न निर्देशन दिने।
२०	१५.३	प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाधेकोछैन ।	
२१	१६	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६(२) मा प्रदेशस्तरको केन्द्रिय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने र कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ । सो बमोजिमको एकीकृत लगत राखेको छैन। कानूनी व्यवस्थाको पालना गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ ।	- बेरुजुको एकिकृत लगत राख्न र फछ्यौंटका लागि आवश्यक संयन्त्र निर्माण गरी नियमित नियमन गर्न निर्देशन दिने।
२२	१७	प्रदेश अन्तर्गतका कार्यालयहरूको अन्य कारोवारको आय-व्यय देखिने गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हिसाब एकीकृत गर्नुपर्नेमा सो अनुसार गरेको छैन । यो वर्ष कार्यसंचालन कोष तर्फको मौज्दात रु.३८ करोड ३७ लाख ८१ हजारमा यो वर्ष प्राप्त रु.४५ करोड ६९ लाख ६ हजार समेत जम्मा रु.८४ करोड ६ लाख ८८ हजारबाट खर्च भएको रु.२९ करोड ५२ लाख ३२ हजार घटाउँदा बाँकी रहेको रु.५४ करोड ५४ लाख ५६ हजार	- प्रदेश अन्तर्गतका सम्पूर्ण कार्यालयको एकिकृत विवरण तयार हुने र स्पष्ट एवं अद्यावधिक अभिलेख प्राणालीको विकास र संचालन गर्न निर्देशन दिने।

		एकीकृत हिसावमा समावेश गर्नु पर्दछ।	
२३	१८	प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान भएको अनुदान तोकिएको क्षेत्रमा खर्च नभई बचत रहेमा प्रदेश संचित कोषमा जम्मा गर्नुपर्दछ । विभिन्न २० स्थानीय तहमा खर्च नभई बचत रहेको रु.१२ करोड ७८ लाख ९८ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाउनु पर्दछ ।	- दाखिला भएको विवरण पेश गर्न निर्देशन दिने।
२४	१९	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रूपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालन, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनु पर्दछ ।	- जनशक्ति व्यवस्थापनमा ध्यान दिई आन्तरिक लेखा परीक्षण कार्यलाई आवधिक र अनिवार्य बनाउन तथा जिल्लाहरुमा समेत आन्तरिक लेखापरीक्षण इकाई गठन गर्न निर्देशन दिने।
२५	२०	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन संचालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरूप कर्मचारीको व्यवस्था गरेको पाइएन। समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने,ठेक्का बन्दोवस्त,चालु खर्चको सीमा निर्धारण,आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौती रहेका छन् । बजेट सूचना	- प्रदेश भित्रको वित्तीय व्यवस्थापनलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक संयन्त्रहरुको व्यवस्थापन गर्न निर्देशन दिने

		व्यवस्थापन प्रणाली,लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम,सार्वजनिक क्षेत्र लेखामान,कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।	

बेरुजुस्थितिः लगती बेरुजु शीघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।

२.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेश सरकारको (कार्य विभाजन) नियमावली,२०७४मा उल्लेख भएकामध्ये सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन,औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, उपभोक्ता अदालत गठन र संचालन, हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी छ। कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ।	प्रदेश सरकारको कार्यविभाजन नियमावली २०७४ मा उल्लेखित कार्यविवरण कार्यान्वयनका लागि जनशक्ति, कानुन तथा पूर्वाधारको व्यवस्था गरी तोकिएको जिम्मेवारी पुरा गर्न निर्देशन दिने।
२	२	मन्त्रालय र मातहतका २७ निकायहरूको कुल दरबन्दी १ हजार २१५ रहेकोमा ६६५ अर्थात् ५४.७३ प्रतिशत पदपूर्ति भई ५५० रिक्त रहेको छ। रिक्त मध्ये प्राविधिक जनशक्ति ४५५ रहेको छ। स्वीकृत दरबन्दीको ठूलो हिस्सा रिक्त रहँदा सेवा प्रवाहमा असर पर्ने र करारमा कर्मचारीहरू भर्ना गर्ने परिपाटी संस्थागत हुने देखिएकोले लोकसेवा आयोग मार्फत् रिक्त दरबन्दी पदपूर्ति	रिक्त दरबन्दी पदपूर्तिका लागि पहल गर्न निर्देशन दिने।

		गर्नुपर्दछ।	
२७	२७	बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायबाट सञ्चालन भएका कार्यक्रमको प्रगति स्थिति निम्नानुसार रहेको छ : **(रु. हजारमा)**	लक्ष्य अनुसारको प्रगति हासिल गर्न आवश्यक औजारहरुको व्यवस्थापन गर्न र सोहि अनुरुप प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने।

क्र.सं	कार्यक्रम	बजेट	खर्च	भौतिक प्रगति प्रतिशत
१	विज्ञान प्रविधि तथानव प्रवर्तन कार्यक्रम	३४६५०	२६०८	१३.२८
२	उद्योग विकास तथाप्रवर्द्धन कार्यक्रम	६०३८४२	११३५५५	२६.८१
३	जडिबुटी विकास आयोजना	६०३५०	२४२२७	४९.८४
४	वाणिज्य, आपूर्ति तथाबजार अनुगमन कार्यक्रम	६२९५०	२८४४२	५४.२७
५	पर्यटन प्रवर्द्धनकार्यक्रम	१५५३५१५	४०४५९२	६७.५८
६	राष्ट्रिय वन संरक्षणतथा व्यवस्थापन कार्यक्रम	२८७९०६	१७१५५५	६८.८७

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>७</td><td>वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम,</td><td>२६८२०</td><td>१५३६१</td><td>७०.०२</td></tr>
<tr><td>८</td><td>वातावरण संरक्षणकार्यक्रम</td><td>९००००</td><td>५९१८६</td><td>७२.४५</td></tr>
<tr><td>९</td><td>वृक्षारोपण, निजी तथाशहरी वन कार्यक्रम</td><td>१७२८४०</td><td>६१२२८</td><td>७७.३९</td></tr>
<tr><td>१०</td><td>भू- तथा जलाधारसंरक्षण कार्यक्रम</td><td>४८०९३६</td><td>३८०२३२</td><td>८७.२७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३७३८०९</td><td>१२६०९८६</td><td>३७.३७</td></tr>
</table>
उल्लिखित तालिका अनुसार विज्ञान प्रविधि तथा नव प्रवर्तन कार्यक्रममा १३.२८ प्रतिशत र उद्योग विकास तथा प्रवर्द्धन कार्यक्रममा २६.८१ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । अन्य कार्यक्रममा समेत न्यून प्रगति भएको छ । निर्धारित लक्ष्य अनुसार कार्यक्रम संचालन गरी प्रगति हासिल गर्नुपर्दछ।
</td>
<td></td>
</tr>
<tr>
<td>४</td>
<td>४</td>
<td>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट प्रस्ताव गर्दा खर्च सृजना हुने स्पष्ट आधार सहित प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्ष चालु र पूँजीगततर्फ रु.५ अर्ब २ करोड ३१ लाख १४ हजार बजेट विनियोजन भएकोमा रु.२ अर्ब ३३ करोड ३७ लाख १ हजार अर्थात् ४६.४६ प्रतिशत (चालुतर्फ ६०.०५ प्रतिशत र</td>
<td>बजेट प्रस्ताव गर्दा क्षमताका आधारमा गर्न र विनियोजित बजेट कार्यान्वयनको लागि जनशक्ति, कानुन तथा पूर्वाधान तयार गरी खर्च गर्ने क्षमता वृद्धि गर्न तथा योजना तर्जुमा एवं कार्यान्वयन क्षमता वृद्धि गर्न निर्देशन दिने।</td>
</tr>
</table>

		पूँजीगततर्फ ४०.२६ प्रतिशत) खर्च भएको छ। विनियोजन खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ।	
५	५	प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालय नीतिनिर्माण र कार्यक्रम कार्यान्वयनको अनुगमनमा केन्द्रित हुनुपर्नेमा मन्त्रालयले मातहतका कार्यालयहरूबाट सम्पादन हुने कार्यक्रमलाई उपभोक्ता समितिसँग सम्झौता गरी भू-संरक्षण तथा तटबन्ध निर्माण लगायत विभिन्न ६३ कार्यमा रु.९ करोड ८ लाख ८९ हजार भुक्तानी गरेको छ। मातहत कार्यालयको कामको अनुगमन मूल्याङ्कन गर्ने निकाय आफैंले कार्यक्रम कार्यान्वयनमा संलग्न रहेको उचित देखिएन ।	स्पष्ट कार्य जिम्मेवारी वाँडफाँड सहित मातहातका कार्यालयले कार्यान्वयन गर्ने तथा तालुक निकायले अनुगमन, व्यवस्थापन, समन्वय, निर्देशन तथा कानुन कार्यविधि निर्माण गर्न निर्देशन दिने।
६	६	सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा रु.५ लाख भित्रका ५५ प्याकेजबनाई रु.२ करोड ८ लाख २२ हजारको सोझै र रु.२० लाखभित्रका ४३ प्याकेज बनाई आसयपत्र माग गरी रु.५ करोड ३७ लाख ४१ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । त्यस्तै पर्यटन विकास आयोजनाले रु.५ लाखभित्रका १५ प्याकेजबनाई रु.६१ लाख ४१ हजारको सोझै र २० लाखभित्रका १० प्याकेज बनाई आसयपत्र माग गरी रु.९७ लाख ५८ हजारको कार्य	परामर्श सेवा खरिदका क्रममा योजनाहरुको एकत्रीकरण गरी प्रतिस्पर्धात्मक विधिको अवलम्बनले गुणस्तरीयता, मितव्ययियता र कानुनको परिपालना समेत हुने भएकाले प्रतिस्पर्धात्मक विधी अवलम्वन गर्न र आर्थिक वर्षको सुरुमै एकमुष्ट सूचना मार्फत सेवा खरिद आव्हान र कार्यान्वयन गर्न निर्देशन दिने।

		लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । एकै प्रकृतिको अध्ययन कार्य एउटै प्याकेज बनाई राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकत्तम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा प्रतिस्पर्धा कम हुने गरी खरिद गरेको कारण खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भएको छैन । एकै प्रकृतिका अध्ययन कार्यको एकै प्याकेज बनाई प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्दछ ।	
७	७	प्रथम आवधिक योजनामा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित पर्सा-मकवानपुर-चन्द्रागिरी-नागर्जुन-शिवपुरी-लाङटाङवा वरण्डाभार गाईघाट-सेती उपत्यका-पञ्चासे-अन्नपूर्ण लगायतका वन्यजन्तु आवत जावत गर्न मिल्ने जैविक मार्गको विकास, रिभरफ्रन्ट परियोजना विकास र कार्यान्वयन,वन तथा संरक्षित क्षेत्र छिचोलेर जाने राजमार्गहरूमा सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरुङ्ग मार्ग वा पुलहरूको विकास,प्रदेशस्तरीय वन जलाधार तथा जैविक विविधता अध्ययन,सर्वेक्षण तथा अनुसन्धान केन्द्र,संग्रहालय,उद्यान तथा हर्वेरीयमहरूको स्थापना,तामाकोशी,भोटेकोसी,सुनकोसी तथा नारायणी लगायतका नदीलाई धार्मिक र आर्थिक कोरीडोरको रूपमा विकासलगायत १८ कार्यहरू पहिलो वर्षको बजेट तथा कार्यक्रममा समावेश नभएको कारण कार्यान्वयनमा गएको देखिएन । आवधिक योजना कार्यान्वयन हुने गरी वार्षिक बजेट र कार्यक्रम ल्याउनु पर्दछ ।	आवधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि योजनावद्व रुपमा वजेट विनियोजन गर्न र कार्यान्वयन गर्दै लैजान निर्देशन दिने।

पर्यटन विकास आयोजना			
८	८	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिता गराउनु पर्ने व्यवस्था छ । मुख्यमन्त्रीस्तरको २०७६।९।२४ को निर्णयानुसार उपभोक्ता समितिबाट कार्य गराएका लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । आयोजनाले पूर्वाधार निर्माणमा यो वर्ष ९५ उपभोक्ता समितिलाई रु.२३ करोड १४ लाख २४ हजार भुक्तानी गर्दा अधिकांशमा ५ प्रतिशत मात्र लागत सहभागिता लिएको कारण उपभोक्ता समितिबाट गराउने काममा निर्णय भन्दा रु.१ करोड १५ लाख ७१ हजार घटि सहभागिता लिई बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।	- लागत सहभागिताले लाभग्राहीमा आयोजनाप्रतिको स्वामित्व र अपनत्व वृद्धि हुने हुँदा यस्ता प्रकृतिको लागत सहभागिता शून्य गराउने निर्णय आगामी समयमा अन्त्य गर्न सरकारलाई निर्देशन दिने। - नियमानुसार रकम असुल गरी सम्परीक्षण गराउन निर्देशन दिने।
९	९	सिन्धुपाल्चोक जिल्लामा बुद्धको मुर्ति निर्माण सहित बुद्ध पार्क निर्माण कार्यको लागत अनुमान रु.१ करोड ३४ लाख २६ हजार रहेकोमा रु.१ करोड ८ लाख ३१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता गर्दा सम्झौता रकमको ५७ प्रतिशत अर्थात् रु.६१ लाख ९५ हजार प्रोभिजनल सममा राखी सोबाट रु.५७ लाखको आर.सि.सि. स्ट्रक्चरमा बुद्धको मुर्ति निर्माणमा खर्च	लागत अनुमान स्वीकृतिका क्रममै उक्त कार्य स्पष्ट पार्नुपर्ने र मन्त्रालयबाट सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश भइसकेको जवाफ प्राप्त भएकोले सम्परीक्षण गराई अद्यावधिक गर्ने।

		भएको छ । स्वीकृत दररेटको आधारमा लागत अनुमान तयार नगरी प्रतिस्पर्धा नहुने गरी प्रोभिजनल सममा राखी खर्च गरेको उपयुक्त देखिएन । अन्य सिभिल कार्य ३५.८९ प्रतिशत घटिमा सम्झौता भएको आधारमा प्रोभिजनल समबाट कार्य गराएको कारण मुर्ति निर्माणमा रु.२० लाख ४६ हजार थप व्ययभार पर्न गएको छ ।	
१०	१०	देवघाट क्षेत्रका विभिन्न भौतिक पूर्वाधार निर्माण गर्ने कार्यको लागत अनुमान रु.८६ लाख ७१ हजार रहेकोमा रु.७९ लाख ८९ हजारमा सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको छ । सम्झौता बमोजिमको ५३ आईटमको कार्य नगरेको अवस्थामा रु.४१ लाख ५२ हजार भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइयो । घटि कार्य गराउनु पर्नाको कारण खुलाई भेरिएशन स्वीकृत गरेको छैन । यसबाट निर्माण व्यवसायीलाई सहुलियत पुग्न गएको देखिन्छ । उल्लिखित पूर्वाधारको कार्यमध्ये देवघाट क्षेत्रको एक चौतारा निर्माणमा रु.१ लाख ८७ हजार खर्च गरेको छ। स्थलगत निरीक्षणको क्रममा उक्त चौतारा त्यहाँ राखिएको शिलालेखबाट स्वर्गीय सैनिकहरूको स्मृतिमा परिवारका सदस्यहरूले निर्माण गरेको देखिएकोले उक्त निर्माण कार्यमा भएको खर्च यकिन भएन। खर्चको स्रोत यकिन हुनुपर्दछ ।	भेरियसन स्वीकृत गराएर मात्र कार्य गर्न निर्देशन दिने।

११	११	प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाइने व्यवस्था छ । आयोजनाले कन्टिन्जेन्सीबाट प्रशासनिक कार्यमा रु.४८ लाख २७ हजार खर्च गरेको छ । नियमित बजेट विनियोजन हुने इन्धन,दैनिक भ्रमण भत्ता,कार्यालय सामान लगायतका प्रशासनिक कार्यमा कन्टिन्जेन्सीबाट खर्च गरेको उचित देखिएन । कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।	सार्वजनिक खरिदमा कन्टिजेन्सी रकमबाट हुने खर्चलाई व्यवस्थित गर्ने कार्यविधीबाट २०७६ बमोजिम खर्च भएको मन्त्रालयबाट जवाफ प्राप्त भएको यस दफाको वेरुजु फछ्र्यौट गर्न महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने।
१२	१२	मेला महोत्सव संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम आयोजनाले यो वर्ष प्रदेशका २६ निर्वाचन क्षेत्रमा हात्ती महोत्सव, फुड फेस्टिवल लगायत औद्योगिक तथा पर्यटन महोत्सव मेला संचालन गरी रु.९४ लाख ७ हजार खर्च गरेको छ । सोमध्ये मन्त्रालयबाट १३ मेला संचालन भई आयोजनाबाट रु.४४ लाख ८९ हजार भुक्तानी भएको छ । मन्त्रालय आफैं मेला संचालनमा संलग्न भई सम्झौता लगायतका काम गरेको उचित देखिएन । साथै मेला संचालनबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको छैन । मितव्ययितालाई ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	मेला महोत्सव सञ्चालन पश्चातको उपलब्धीको मूल्याङ्कन र विश्लेषण गर्ने व्यवस्था गर्न र सार्वजनिक कोषको उपयोगबाट हुने यस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययितालाई प्राथमिकता दिन निर्देशन दिने।
१३	१३	आयोजनाले विभिन्न २५ पत्रकारहरूलाई हिमाली तथा उच्च पहाडी क्षेत्रको अवलोकन भ्रमण तथा ४९ होमस्टे	सार्वजनिक खर्चको प्रयोगबाट हुने यस्ता कार्यक्रमको लाभ लागत विश्लेषण गरी उपलब्धी मूल्याङ्कन गरेर मात्र

		सञ्चालकलाई गण्डकी प्रदेश अन्तर्गतका होमस्टेहरूको अनुभव आदान प्रदान तथा असल अभ्यास सिकाई कार्यक्रम अवलोकन भ्रमण वापत रु.१९ लाख २ हजार खर्च गरेको छ। अवलोकन भ्रमणबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको छैन। मितव्ययितालाई ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने।
डिभिजन वन र भू तथा जलाधार कार्यालयहरू			
१४	१४	डिभिजन वन कार्यालयहरूमा रहेको काठ,दाउरा समयमै व्यवस्थापन गर्नुपर्दछ। प्रदेश अन्तर्गतका १३ कार्यालयहरूमा गत वर्षको मौज्दात सहित ७ लाख ९१ हजार ३०४.०३ क्यू फिट साल तथा ४ लाख ७४ हजार ७९५.६७ क्यु फिट अन्य जातका काठ रहेकोमा यो वर्ष २ लाख २७ हजार ३४५.४५ क्यु फिट साल तथा २ लाख ३१ हजार २८०.६९ क्यू फिट अन्य जातका बिक्री गरी ५ लाख ६३ हजार ९५८.५८ क्यू फिट साल तथा २ लाख ४३ हजार ५१४.९८ क्यु फिट अन्य जातका काठ मौज्दात रहेको छ । यसरी मौज्दात रहेको काठको न्यूनतम मूल्य रु.६२ करोड ८३ लाख रहेको छ। मौज्दात काठ दाउरा समयमै लिलाम बिक्री नगर्दा रु.३ करोड ४८ लाख ९६ हजार मूल्यको काठ घामपानीको कारणले गुणस्तरमा ह्रास आएको छ। गुणस्तरमा ह्रास आएको मौज्दातको बिक्रीबाट राजश्व आम्दानी घट्न जाने हुँदा समयमै लिलाम बिक्री गर्नुपर्दछ ।	- उल्लेखित काठको परिमाण मध्ये सहजरुपले लिलाम बिक्रि गर्न मिल्ने र अदालतमा विचाराधिन मुद्दामा रहेको काठमाको परिमाण बारे मन्त्रालय र महालेखापरीक्षक दुवै एकिन हुनु पर्ने। - अदालतमा विचाराधिन मुद्दा किनारा लगाउन आवश्यक पहल गर्न मन्त्रालयलाई निर्देशन दिने। - लिलाम विक्री गर्न सहज हुने काठको परिमाणलाई प्रकृया पुऱ्याई लिलाम विक्री प्रकृया अघि बढाउने निर्देशन दिने।

<table>
<tr>
<td>१५</td>
<td>१५</td>
<td>वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्धारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत १५१ संस्थालाई ४० हजार १३१.४१ हेक्टर जग्गा लिजमा उपलब्ध गराएको छ ।

डिभिजन वन कार्यालय, रसुवाले विभिन्न ७ आयोजनालाई ४५.१७ हेक्टर जग्गा स्थायी प्रयोजनको लागि प्रदान गरेकोमा १०.८४ हेक्टर जग्गा सट्टाभर्ना र ३ लाख ३९ हजार क्षतिपूर्ति वृक्षारोपण गर्न बाँकी देखिएको छ । यसरी लिजमा दिएको वन जग्गाबाट सम्झौता बमोजिम क्षतिपूर्ति बृक्षारोपण र राजश्व प्राप्त भए नभएको मन्त्रालयबाट अनुगमन गर्नुपर्दछ । यसरी लिजमा प्रदान गरेको वन जग्गामा सम्झौता विपरित संरचना निर्माण लगायतका कार्य भए नभएको सम्बन्धमा समेत अनुगमन गर्नुपर्दछ ।</td>
<td>- वन ऐन २०४९ को दफा ६८ र वन नियमावली २०५१ को नियम २० को पूर्ण पालना गरी वन क्षेत्रको उपयोग हुनुपर्दछ।
- वनक्षेत्र उपयोगको अनुगमन कार्य प्रभावकारी वनाई नियमानुसार राजश्व संकलन तथा नियमन गर्न निर्देशन गर्ने।</td>
</tr>
<tr>
<td>१६</td>
<td>१६</td>
<td>जिल्ला वन कार्यालय काठमाडौंले देहायका ३ संस्थालाई ३९ हेक्टर र १ संस्थालाई ३० रोपनी वन क्षेत्रको जग्गा २५ देखि ४० वर्षको लागि भोगाधिकार दिएको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>नाम</th><th>स्थान</th><th>सम्झौता मिति</th><th>दिएको क्षेत्र</th><th>अवधि</th></tr>
<tr><td>1.</td><td>चम्पादेवी इको फ्रेण्डली</td><td>दक्षिणकाली</td><td>२०६२।८।</td><td>२२</td><td>४०</td></tr>
</table>
</td>
<td>अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन निर्देशन दिने।</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>कं.प्रा.लि.</td><td></td><td>१८</td><td>हेक्टर</td><td>वर्ष</td></tr>
<tr><td>2.</td><td>नेपाल वाइल्ड लाइफ डेभलप्मेन्ट कम्पनी लि.</td><td>शंखरापुर-४ साँखु</td><td>२०५७।५।५</td><td>११ हेक्टर</td><td>४० वर्ष</td></tr>
<tr><td>3.</td><td>चन्द्रागिरी हिल्स लिमिटेड (साविक काठमाडौं फन पार्क)</td><td>चन्द्रागिरी, थानकोट</td><td>२०७०।१।२१</td><td>६ हेक्टर</td><td>४० वर्ष</td></tr>
<tr><td>4.</td><td>हात्तीवन हिमालयन व्हाइट रिसोर्ट</td><td>दक्षिणकाली</td><td>२०४२।१०।११</td><td>३० रोपनी</td><td>२५ वर्ष</td></tr>
</table>
यसरी भोगाधिकार प्राप्त गर्ने संस्थाले वातावरणलाई असर गर्ने गरी सम्झौतामा उल्लेख भएभन्दा फरक प्रकारले संरचना निर्माण लगायत कार्य गरे नगरेको सम्बन्धमा कार्यालयले निरीक्षण तथा अनुगमन गरेको देखिएन।
</td>
<td></td>
</tr>
<tr>
<td>१७</td>
<td>१७</td>
<td>तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयको सचिवबाट स्वीकृत भएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम प्रदेश अन्तर्गतका भक्तपुर र रसुवा बाहेक ११ जिल्लाका १३ डिभिजन वन कार्यालयहरूले २०७३।७४ देखि २०७६।७७ को अवधिमा १५८ सामुदायिक वनमा ४७ हजार २२० हेक्टर क्षेत्रफलमा उक्त कार्यक्रम लागू गरेका छन् । सो अवधिमा सबैभन्दा बढी सिन्धुली जिल्लामा ९२ सामुदायिक वनमा २८ हजार ३०९ हेक्टर क्षेत्रफलमा उक्त कार्यक्रम लागू छ । उक्त जिल्लामा २०७६।७७ मा ३७ सामुदायिक वनमा १० हजार ५८९ हेक्टर क्षेत्रफलमा सो कार्यक्रम लागू भएको र सोको लागि रु.१८ लाख ५५ हजार खर्च भएको छ । सार्वजनिक लेखा समिति अन्तर्गतवैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न गठित उप-समितिद्वारा तयार गरिएको</td>
<td>निर्देशन / निर्णय आवश्यक नरहेको।</td>
</tr>
</table>

		प्रतिवेदन, २०७७ ले वैज्ञानिक वन व्यवस्थापनमा रहेका कमी कमजोरी उजागर गरी निर्देशन सहितको प्रतिवेदन दिए पश्चात उक्त कार्यक्रम खारेज भएको छ ।	
१८	१८	मन्त्रालयले २०७५ मा प्रकाशन गरेको पार्श्वचित्र अनुसार प्रदेश अन्तर्गतका १३ जिल्लामा ७ हजार ७४.६ हेक्टर क्षेत्रफल वन अतिक्रमण भई अतिक्रमित क्षेत्रमा १६ हजार ७४५ घर टहरा समेत निर्माण भएको अवस्था छ । मकवानपुर जिल्लाको मनोहरा बजार क्षेत्रमा सालको रुख सुकाई अतिक्रमण गरी बस्ती विस्तार गर्दै गरेकोमा सोही स्थानमा रहेको राप्ती डिभिजन वन कार्यालयले यसमा नियन्त्रण गरेको छैन ।	प्रभावकारी अनुगमन गरी वन अतिक्रमण रोक्न मन्त्रालयलाई निर्देशन दिने।
१९	१९	मन्त्रालय र मातहतका कार्यालयहरूले यस वर्ष विभिन्न प्रजातिका १७ लाख ७१ हजार विरुवा उत्पादन गरी रु.१ करोड ९७ लाख ४९ हजार खर्च गरेको छ । उत्पादन भएका विरुवामध्ये १४ लाख ७८ हजार वितरण भई २ लाख ९३ हजार मौज्दात रहेको छ । नियमित कार्यक्रमको रूपमा प्रत्येक वर्ष विरुवा उत्पादन गरी वितरण एवं रोपण गर्ने गरेकोमा रोपण कार्यको संरक्षणमा पर्याप्त ध्यान नदिएको कारण यसको प्रभावकारिता न्यून रहेको छ । रोपिएका बिरुवाहरूको संरक्षणमा पनि ध्यान दिनुपर्दछ ।	महालेखापरीक्षकको सुझाव अनुसार कार्यान्वयन गर्न निर्देशन दिने।
२०	२०	डिभिजन वन कार्यालय, चितवनले रु.१३ लाख २७ हजारको आँप, लिची र कागतीको १९ हजार विरुवा	अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने।

		खरिद गरी सामुदायिक वन, कवुलियती वन, विद्यालय, संघ-संस्था एवं व्यक्तिहरूलाई वितरण गरेको छ । प्रत्येक वर्ष फलफूलको विरुवा खरिद गरी वितरण गर्ने गरेकोमा वितरित विरुवाको उपयोग र संरक्षण सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२१	२१	डिभिजन वन कार्यालय, रासीमकवानपुरले जडिबुटी उत्पादन, विस्तार र भण्डारण कार्यक्रमबाट कुरिलो, सर्पगन्धा, अमला, तेजपात, चिउरी, वेल लगायतको बिरुवा रोपण कार्यको लागि एक सामुदायिक वन उपभोक्ता समितिलाई रु.५ लाख र ३ व्यक्तिलाई रु.५ लाख समेत रु.१० लाख डिभिजन वन कार्यालय,रासी मकवानपुरले कुरिलो रोपण बापत २ व्यक्तिलाई रु.६ लाख ३ हजार अनुदान उपलब्ध गराएकोमा ती जडिबुटी रोपण र संरक्षण सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन ।	अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने।
२२	२२	डिभिजन वन कार्यालय, रसुवाले लामटाङ्ग राष्ट्रिय निकुञ्ज क्षेत्रमा सरसफाई, सुरक्षा घर लगायतका संरचना निर्माण कार्य गराई रु.२३ लाख ७५ हजार खर्च गरेको छ । कार्यालयको कार्यक्षेत्र बाहिर कार्यक्रम संचालन गरेको उचित देखिएन ।	कार्यक्षेत्र बाहिर कार्यक्रम सञ्चालन गरेकोमा के कति कारणले उक्त कार्यक्रम सञ्चालन गरिएको हो स्पष्ट जवाफ पेश गर्न निर्णय गर्ने मन्त्रालयलाई निर्देशन दिने।
२३	२३	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । डिभिजन वन	मन्त्रालयबाट जवाफ प्राप्त गरी निर्णय गर्ने।

		कार्यालय, चितवनले निर्माण ब्यवसायीसँग २०७७ भाद्र २० मा निर्माण सम्पन्न गर्ने गरी रु.६२ लाख ७६ हजारको सम्झौता गरेकोमा सो ठेक्काको त्रुटी सच्याउने अवधि २०७८।६।२० सम्म रहेकोले सो अवधिभन्दा १ महिना बढी म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा २०७८।२।१९ सम्म मात्र म्याद भएको रु.९ लाखको कार्यसम्पादन जमानत पेश गरेको छ । कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।	
२४	२४	बागमती प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८(३) अनुसार समुदायले वन पैदावार (काठ दाउरा) समुदायभन्दा बाहिर बिक्री वितरणबाट प्राप्त भएको रकमको दश प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा डिभिजन वन कार्यालय, राप्तीले विभिन्न वन उपभोक्ता समूहले काठ दाउरा स्थानान्तरण सहमती प्रदान गर्दा ऐन अनुसारको प्रदेश सेवा शुल्क रु.१२ लाख १२ हजार दाखिला गरेको छैन। उक्त रकम असुल गर्नुपर्दछ ।	सम्परीक्षण गराई प्रमाण पेश गर्न निर्देशन दिने।
२५	२५	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिता गराउनु पर्ने व्यवस्था छ । मुख्यमन्त्री स्तरको २०७६।९।२४ को	सम्परीक्षण गराई प्रमाण पेश गर्न निर्देशन दिने।

		निर्णयानुसार उपभोक्ता समितिले निर्माण कार्यको लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । डिभिजन वन कार्यालय, राप्तीले मनहरी पिसपार्क निर्माण कार्य उपभोक्ता समितिबाट गराई रु.४८ लाख ४ हजार भुक्तानी गर्दा लागत सहभागिता गराएको छैन । लागतको १० प्रतिशतले हुने रु.४ लाख ८० हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।	
२६	२६	डिभिजन वन कार्यालय, राप्ती मकवानपुरले स्वीकृत कार्यक्रम अनुसार चितवन र मनहरीको जङ्गल क्षेत्रमा माईकोनिया झारपात व्यवस्थापन गरी वायो विकेट उत्पादनमा सहयोग गर्न एक वन उपभोक्ता समितिलाई रु.५ लाख भुक्तानी भएको छ । लक्ष्य अनुसार वायो विकेट उत्पादन भए नभएको अनुगमन भएको छैन।	अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने ।
२७	२७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, मकवानपुरले बैज्ञानिक वन व्यवस्थापन कार्य योजना तयार गर्न ३ उपभोक्ता समितिलाई रु.३/३ लाखका दरले उपलब्ध गराएकोमा समितिले उक्त कार्य मकवानपुर वन प्राविधिक समाजबाट गराई रु.८ लाख ४९ हजार खर्च गरेको छ । उपभोक्ता समितिले सम्पादन गर्न नसक्ने कामको लागि सम्झौता गरी रकम उपलब्ध गराएको उचित देखिएन ।	कार्यान्वयनको क्षमता हेरी सम्झौता गर्न र सम्झौता गरिएको पक्षबाट कार्य भएको सुनिश्चितता हुने गरी आगामी दिनमा कार्य गर्न निर्देशन दिने।

२८	२८	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा जनसहभागिताको अंश कट्टा गर्नुपर्ने उल्लेख छ । अतः उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्पन्न कार्यको भुक्तानी गर्दा सम्झौता अनुसारको जनश्रमदान अनुपातिक रूपमा गणना गरी भुक्तानी गर्नुपर्नेमा भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिन्धुपाल्चोकले १४ उपभोक्ता समिति र भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुरले ३ उपभोक्ता समितिलाई कार्यसम्पन्नको आधारमा अनुपातिक कट्टी गर्नुपर्ने क्रमशः रु.८ लाख ६६ हजार र रु.५४ हजार कट्टा नगरी भुक्तानी दिएको नियम अनुकुल देखिएन । उपभोक्तालाई भुक्तानी दिँदा सम्झौता अनुसारको अंश कट्टा गर्नुपर्दछ ।	भुक्तानीका क्रममा नियमानुसार आनुपातिक कट्टी गर्न निर्देशन दिने।
घरेलु तथा साना उद्योग कार्यालयहरू			
२९	२९	प्रदेश अन्तर्गतका १३ घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग र वाणिज्य दर्ता क्रमशः १२ हजार ९०९ र ७ हजार २३३ एवं नवीकरण क्रमशः ८ हजार ८१२ र ११ हजार २८३ भएको देखिन्छ। दर्ता भएका उद्योग र वाणिज्यले दर्ता गर्दाका बखत उल्लेख गरेका कार्यहरू गरे नगरेको अनुगमन गर्नुपर्दछ।	दर्ता गर्दा उल्लेख गरिएको कार्य र संस्थाद्वारा गरिएका कार्यबिच तादाम्यता सुनिश्चत गर्न प्रभावकारी अनुगमन गर्न र तथ्याङ्क व्यवस्थापनका लागि सफ्टवेयरको विकास गरी सञ्चालनमा ल्याउन निर्देशन दिने।
बेरुजुस्थितिः लगती बेरुजुको शीघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने ।			

परिच्छेद ३

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७९ उपर भएका निर्णयहरु

३.१ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	**कानुन निर्माण** -संविधानको धारा ५७ मा प्रदेशको अधिकारतर्फ अनुसूची ६ मा उल्लेखित विषयमा निहित हुने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ। प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कानुनमध्ये २०७८ चैत्र सम्म ६२ ऐन, ३ अध्यादेश, ३१ नियमावली, ३ विनियमावली, ४ निर्देशिका, ३५ कार्यविधि, ५ मापदण्ड र १३ आदेश गरी १५६ वटा कानुन तथा कार्यविधिहरू निर्माण गरेको छ। उक्त कानुन तथा कार्यविधि मध्ये ११ ऐन, १० नियमावली, १ विनियमावली, १ निर्देशिका, ३ कार्यविधि र ५ आदेश गरी ३१ वटा संशोधन समेत भएको देखिन्छ।	- आवश्यक कानूनहरु शीघ्र निर्माण गर्न र विषयगत मन्त्रालयहरुबाट निर्माण हुनुपर्ने कानून तर्जुमाका लागि आवश्यक समन्वय र सहजीकरण गर्न निर्देशन दिने।
२	२	**रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सिमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। बागमती प्रदेशविनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर	- आर्थिक वर्षको अन्तमा हुने रकमान्तरले कार्यान्वयन र खर्च गर्ने क्षमतामा समेत प्रभाव पार्ने भएकाले कार्यान्वयन समयसीमामा ध्यान दिई रकमान्तर गर्न निर्देशन दिने।

		गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । जसअनुसार पूर्व स्वीकृत कार्यक्रममा मात्र तोकिएको सीमाभित्र रकमान्तर गर्न सकिने देखिन्छ। प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।०२।२९ को निर्णय अनुसार भैपरी आउने साधारण प्रशासन शीर्षकबाट कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रु.२० करोड रकमान्तर गरी यस मन्त्रालयलाई खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा उक्त रकम २०७८।०३।१७ मा कोभिड कोषमा ट्रान्सफर गरेको छ। कोभिड कोषबाट २०७८ आषाढ महिनामा स्थानीय तह विपद् व्यवस्थापन समितिलाई रु.११ करोड ११ लाख र जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.६४ लाख अख्तियारी प्रदान गरेको छ । यसरी आर्थिक वर्षको अन्तमारकमान्तर गरी खर्च गरेको देखिन्छ। उक्त रकम समितिहरूबाट खर्च गरी काम हुन सक्ने समयावधि पनि रहेको देखिँदैन । यसरी बर्षान्तमा रकमान्तर गरी निकासा दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिएको छ।	
३	३	**द्वन्द्व प्रभावितलाई सहायता**-द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा नं. ९ मा स्थानीय तहले स्वीकृत कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ ।	- स्थीय तहबाट जवाफ प्राप्त गर्न स्पष्ट ताकेता गर्न निर्देशन दिने। - कार्यालयहरुबाट जवाफ माग र प्राप्तिमा हुने ढिलाई कम गर्न जवाफ प्राप्तिमा अनिवार्यता गर्ने कानून निर्माण गर्न निर्देशन दिने।

		मन्त्रालयले द्वन्द्वपीडित तथा विस्थापित परिवारका लागि सहायता वापत विनियोजन रकमबाट यस वर्ष ३१ स्थानीय तहलाई रु.१ करोड ३ लाख ५२ हजार निकासा दिएको छ । उक्त कार्यविधिमा तोकिए अनुसार रकम वितरण गरेको देखिने प्रतिवेदन मन्त्रालयमा पेस गरेको देखिएन । जसबाट मन्त्रालयले द्वन्द्वपीडितलाई सहायता वापत निकासा दिएको रकम पालिकाले सोही प्रयोजनमा खर्च गरे नगरेको यकिन गर्न सकिएन।	
४	४	**क्षेत्राधिकार बाहिरको खर्च** -प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को अधिनमा रही सार्वजनिक खर्चलाई नियमित, व्यवस्थित, मितव्ययी, प्रभावकारी, जवाफदेही, पारदर्शी बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले १२ थान जीप खरिद गरी रु.३ करोड ३२ लाख २८ हजार र १६ थान पल्सर मोटरसाईकल खरिद गरी रु.३७ लाख ३६ हजार खर्च गरेको छ ।खरिद भएका जीपहरू १२ जिल्ला प्रहरी कार्यालयलाई र मोटरसाईकलहरू १६ ईलाका प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको छ । अधिकार क्षेत्रभन्दा बाहिरको कार्यमा खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।	- क्षेत्राधिकार भन्दा बाहिरको खर्च नियन्त्रण गर्न निर्देशन दिने।

५	५	**विपद् कोष** -प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १८ मा प्रत्येक समितिले आर्थिक वर्षमा गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गरी पेस गर्नुपर्ने र बचत रकम मन्त्रालयको खातामा फिर्ता गर्नुपर्ने शर्त सहित मन्त्रालयले १७ पालिका र २ जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.४ करोड ६१ लाख निकासा दिएकोमा ती निकायले मन्त्रालयमा खर्चको विवरण पेस नगरेकोले सोही प्रयोजनमा खर्च भए नभएको यकिन गर्न सकिएन । साथै प्राप्ती, खर्च र बचत खुल्ने विवरण माग गरी बाँकी रकम फिर्ता प्राप्त गर्नुपर्दछ।	- विपद् कोषको रकम फिर्ताका लागि ताकेता गर्न र थप रकम पठाउनको लागि यसअघिको विवरण प्राप्त भई फछ्यौंट हुने गरी पत्राचार गर्न निर्देशन दिने।
६	६	**कोरोना कोष** -बजेट निकासा तथा मार्गदर्शनमा प्राप्त बजेट रकमको खर्चको विवरण मासिक रुपमा महिना समाप्त भएको ७ दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने तथा निकासा बजेटमध्ये खर्च भई बाँकी रहेको रकम मन्त्रालयको कोरोना कोष खातामा फिर्ता गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष बागमती प्रदेश कोरोना संक्रमण, नियन्त्रण तथा रोकथाम कोष खाताबाट पालिका तथा जिल्ला विपद्व्यवस्थापन समिति समेत १३२ निकायलाई निकासा भएको रु.१२ करोड ३९ लाख खर्चको प्रगति विवरण तथा बचत रकम फिर्ता भएको देखिएन ।तसर्थ मन्त्रालयले प्राप्ती,खर्च र वचत खुल्ने प्रगति विवरण माग गरी बचत रकम फिर्ता प्राप्त गर्नुपर्दछ।	- विवरण प्राप्तिका लागि स्पष्ट ताकेता भई विवरण अनिवार्य रुपमा प्राप्त गर्न र ताकेताका लागि समेत विशेष संयन्त्र निर्माण गर्न निर्देशन दिने।
७	७	**हेलिकप्टर भाडा** -सिन्धुपाल्चोक जिल्लाको लिदीमा २०७७।०४।२६ गते गएको पहिरोमा परी प्रभावित	- यस सम्बन्धमा पुष्टयाँई कागजात प्राप्त गरी निर्णय गर्ने।

		परिवारलाई राहत वितरणको लागि मुख्यमन्त्रीसहितको टोलीले २०७७।०४।३१ मा दाल, चामल, स्वास्थ्य सामग्री, अस्थाई शौचालय, खानेपानी लगायतका रु.१ लाख ११ हजारको राहत सामग्री वितरण गर्न नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी हेलिकप्टर भाडा वापत३.१५ घण्टाको रु.२५ लाख ६८ हजार भुक्तानी दिएको देखिन्छ। हेलिकप्टर भाडा भुक्तानीको लागि पेस भएको २०७७।०६।१५ को कर विजक अनुसार१० र २०७७।०८।१२ को कर विजक अनुसार दुई पटक गरी कुल १२ पटक हेलिकप्टर प्रयोग भएको देखिन्छ।त्यसैगरी एक अर्को निजी कम्पनीको हेलीकप्टर ३ पटक प्रयोग गरे वापत रु.३ लाख भुक्तानी दिएको छ । यसरीरु.१ लाख ११ हजारको राहत वितरणमा रु.२८ लाख ६८ हजार हेलिकप्टर भाडामा खर्चभएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।	
सञ्चार रजिष्ट्रारको कार्यालय			
८	८	**जिम्मेवारी कार्यान्वयन** -प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ अनुसार प्रदेशभित्र पत्रपत्रिका दर्ता गर्ने, अभिलेख राख्ने, वर्गीकरण गर्ने, अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने, प्रदेशभित्र एक सय देखि एक हजार वाट्सम्मको रेडियो, एफएम र स्याटलाइट प्रणालीबाट प्रशारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र	- प्रभावकारी कार्यसम्पादन र नियमन गर्ने तथा अभिलेख व्यवस्थापनलाई चुस्त राख्न निर्देशन दिने।

		सञ्चालनको नीति निर्माण र कार्यान्वयन गर्ने, इजाजत पत्र दिने, नवीकरण गर्ने, प्रसारणमा रोक लगाउन सकिने, नियमन गर्ने लगायतका कार्य समेत गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष रु.१ करोड ६६ लाख ३६ हजार खर्च गरेको छ । ऐन नियम बमोजिम सम्पादन गरेका कार्यको अभिलेख राखेको देखिएन । प्रभावकारी रुपमा कार्य सम्पादन एवम् नियमन गर्नुपर्दछ।	
९	९	**पत्रकार कल्याण कोष-** प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ अनुसार पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि पत्रकार कल्याणकोषको स्थापना गरेको छ । उक्त कोषमा कार्यालयको तर्फबाट गत वर्षकोसमेत रु.३० लाख र पत्रकारहरूबाट रु.५७हजार समेत रु.३० लाख५७ हजारजम्मा भएको छ । कोष सञ्चालन कार्यविधि र मापदण्ड तर्जुमा गरी उद्देश्य अनुरुप खर्च गर्नुपर्दछ।	- कोष संचालन कार्यविधी तथा मापदण्ड तर्जुमा गरी उद्देश्य अनुरुपको प्रभावकारी कार्यान्वयन गर्ने।
बेरुजु स्थिति- लगती बेरुजु सम्परिक्षण गराई अद्यावधिक विवरण पेश गर्ने।			

३.२ आर्थिक मामिला तथा योजनामन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	**कार्य जिम्मेवारी**-प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन, सरकारी बाँकी रकमको लगत तथा असुल उपरका कार्यहरू, संघीय कानुन अनुरुप सहवित्तीयकरण, प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्यक्षेत्र तोकिएकोमा उक्त कार्यहरू कार्यान्वयन हुन सकेको देखिएन।	- कार्य विभाजन नियमावली बमोजिम तोकिएका कार्यहरु गर्न आवश्यक स्रोत, जनशक्ति र संयन्त्र विकास गर्न तथा उक्त कार्यहरु गर्न निर्देशन दिने।
२	२	**आय-व्यय** - प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्य अनुसार रु. ५१ अर्ब ४२ करोड ७५ लाख आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखानियन्त्रक कार्यालयबाट पेश भएको विवरण अनुसार प्रदेश अन्तर्गत संघीय	- खर्च तर्ने क्षमता वृद्धि गर्न आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

<table>
<tr>
<td></td>
<td></td>
<td>सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचतसमेत रु. ६१ अर्ब ४२ करोड ८१ लाख आय भएकोमा रु. ३५ अर्ब ५९ करोड ४८ लाख खर्च भई रु. २५ अर्ब ८३ करोड ३३ लाख बचत भएको छ । बचत मध्ये संघीय सरकारलाई रु. २ अर्ब ४८ करोड ६८ लाख अनुदान फिर्ता भएको देखिन्छ।</td>
<td></td>
</tr>
<tr>
<td>२७</td>
<td>२७</td>
<td>बजेट कार्यान्वयन- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नु पर्ने लक्ष्य एवं आर्थिक स्रोतसमेतलाई मध्यनजर राखी बजेट बनाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छः
<table>
<tr><th>आर्थिकवर्ष</th><th>आय-व्यय अनुमान</th><th>वास्तविक आय</th><th>वास्तविक खर्च</th><th>फिर्ता तथा समायोजन</th><th>बचत</th></tr>
<tr><td>२०७७।७८</td><td>५१४२७४९४</td><td>६१४२८१११</td><td>३५५९४८४२</td><td>२४८६७९६</td><td>२३३४६४७८</td></tr>
<tr><td>२०७६।७७</td><td>४७६०७८८६</td><td>४८३५१०२७</td><td>२७९५०८७०</td><td>२९०९५५४</td><td>१७४९०६०३</td></tr>
<tr><td>२०७५।७६</td><td>३४०२६१५९</td><td>३३७७३४५६</td><td>२०६५२७०२</td><td>२९४४५४८</td><td>१०१७६२०६</td></tr>
</table>
उल्लिखित तालिकाको विश्लेषण गर्दा तीन वर्षमा आय अनुमानको तुलनामा हाराहारी वा सो भन्दा केही बढी आय प्राप्त भएको छ । अनुमानको तुलनामा २०७५/७६ मा ६०.७० प्रतिशत, २०७६/७७ मा ५८.७१ प्रतिशत र २०७७/७८ मा ६९.२१ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ६२.८७ प्रतिशत मात्र खर्च भएको छ ।</td>
<td>- बजेट खर्च गर्ने दक्षता बढाउन योजना तर्जुमा देखि बजेट कार्यान्वयनसम्म प्रभावकारी बनाउन विशेष संयन्त्र निर्माण गरी सञ्चालन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

		अनुमान अनुसार नै आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन।खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।	
४	४	**राजस्व प्राप्ति-** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रु.६१ अर्व ४२ करोड ८१ लाख ११ हजारमध्ये बाँडफाँट भई प्राप्त हुने कर रु.२० अर्ब ७८ करोड १७ लाख ८६ हजार (३३.८३ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्वबाट रु.४ अर्ब ८५ करोड ७ हजार (७.९० प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्व ९१ करोड ४६ लाख ३८ हजार (२७.५४ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट प्राप्त भएको देखिन्छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ।	- करको दरमा पूनर्विचार र दायरा विस्तारमा विशेष ध्यान दिई आन्तरिक आय वृद्धि तथ परिचालनमा प्रभावकारीता हासिल गर्न निर्देशन दिने।
५	५	**संघीय अनुदान-** अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार छः (रु. हजारमा)	

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>खर्च शीर्षक</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th><th>फिर्ता गर्नुपर्ने</th></tr>
<tr><td>समानीकरण अनुदान</td><td>७७१७१००</td><td>७७१७१००</td><td>५९१७५४०</td><td>०</td></tr>
<tr><td>सशर्त अनुदान</td><td>८८४४५००</td><td>७८८९३३८</td><td>६०००००५</td><td>१८८९३३३</td></tr>
<tr><td>समपुरक अनुदान</td><td>८१८२००</td><td>८१८२००</td><td>४४०१९०</td><td>३७८०१०</td></tr>
<tr><td>विशेष अनुदान</td><td>४९००००</td><td>४९००००</td><td>२७०५४७</td><td>२१९४५३</td></tr>
<tr><td>जम्मा</td><td>१७८६९८००</td><td>१६९१४६३८</td><td>१२६२८२८२</td><td>२४८६७९६</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः
</td>
<td></td>
</tr>
<tr>
<td>६</td>
<td>५.१</td>
<td>वित्तीय समानीकरण लगायतको अनुदान रु.१७ अर्व ८६ करोड ९८ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.१६ अर्व ९१ करोड ४६ लाख ३८ हजार (९४.६५ प्रतिशत) प्राप्त भएको छ । अनुदानमध्ये समानीकरण, समपुरक अनुदान र विशेष अनुदान अनुमान अनुसार नै प्राप्त भएकोमा सशर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।</td>
<td rowspan="2">- प्रदेश सरकारको कार्य सम्पादन स्तर वृद्धिको लागि जनशक्ति व्यवस्थापन, योजना तर्जुमा, बजेट विनियोजना, मन्त्रालयगत क्षमता अभिवृद्धि, आवश्यक कानून/कार्यविधी/मापदण्ड/निर्देशिकाको निर्माण र कार्यान्वयनमा विशेष ध्यान दिन र आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>७</td>
<td>५.२</td>
<td>अनुदान निकासा रु.१६ अर्व ९१ करोड ४६ लाख ३८ हजार मध्ये रु.१२ अर्व ६२ करोड ८२ लाख ८१ हजार (७४.६६ प्रतिशत) मात्र खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्व ७१ करोड ७१ लाख मध्ये रु.५ अर्व ९१ करोड ७५ लाख ४० हजार खर्च भई रु.१ अर्व ७९ करोड ९५ लाख ६० हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रु.२ अर्व ४८ करोड ६७ लाख ९६ हजार फिर्ता भएको छ।
यसरी प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ।</td>
</tr>
</table>

८	६	**स्थानीय तहमा हस्तान्तरण-**प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.२ अर्ब ९२ करोड ३२ लाख, समानीकरणमा रु.१ अर्ब २२ करोड ६९ लाख, समपूरकमा रु.२ अर्ब ३१ करोड ४५ लाख र विशेषमा रु.२७ करोड ३९ लाख समेत गरी कुल जम्मा रु.६ अर्ब ७३ करोड ८६ लाख अनुदान उपलब्ध गराएको छ ।समानीकरण अनुदान बाहेक सशर्त, समपुरक र विशेष गरी रु.५ अर्ब ५१ करोड १७ लाख निकासा भएकोमा रु.४ अर्ब ३२ करोड ४१ लाख (कुल निकासाको ७८.४५ प्रतिशत) खर्च भएको छ। खर्च नभई रु.१ अर्ब १८ करोड ७६ लाख बाँकी रहेको छ।	- फिर्ता हुन बाँकि रकम समयमै फिर्ता गर्न तथ सोको स्पष्ट अभिलेख राख्न निर्देशन दिने।
९	७	**प्रदेश विभाज्य कोष-**संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ।यस वर्ष कोषमा जम्मा भएको रु.८ अर्ब २५ करोड २४ लाख पुरै बाँडफाँट भएको देखिन्छ।यो वर्ष प्रदेश बिभाज्य कोषबाट सवारी साधन कर रु.३ अर्ब ३० करोड ९ लाख स्थानीय तहहरूलाई हस्तान्तरण गरेको देखिन्छ । स्थानीय तहको बिभाज्यकोषबाट प्राप्त आयमा विज्ञापन कर बापत रु.५ करोड १३ लाख, मनोरञ्जन कर बापत रु.९लाख ६३ हजार,दहत्तर बहत्तर बापत रु.८८ करोड ९५लाख र अन्य राजस्व बापत रु.२९लाख९२हजार समेत गरी कुल जम्मा रु.९४करोड४८लाख प्राप्त भएको	- बाँडफाडबाट प्राप्त हुनुपर्ने करका लागि मन्त्रालयले आवश्यक संयन्त्र निर्माण गरी अनुगमन तथा स्पष्ट विवरण प्राप्त हुने व्यवस्था मिलाउन निर्देशन दिने।

		देखिन्छ । स्थानीय तहबाट प्राप्त हुनुपर्ने रकमसम्बन्धमा अनुगमन गरी प्राप्त हुनुपर्ने रकम प्राप्त भएको सुनिश्चितता गर्नुपर्दछ।	
१०	८	**नीति तथा कार्यक्रम कार्यान्वयन-** बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरू कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः-	
११	८.१	कृषि, उद्योग, व्यापार व्यवसाय, रोजगारी प्रवर्द्धन, उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उद्योगहरू, शैक्षिक कार्यक्रम, लघु तथा साना उद्योग, वन तथा वातावरणजन्य उद्योग, फोहोरमैला व्यवस्थापन, सामाजिक क्षेत्रसँग सम्बन्धित उद्योगलगायत उत्पादन र रोजगारी सिर्जना हुने कार्यक्रमका लागि सहुलियतपूर्णव्याजदरमा ऋण उपलब्ध गराउन रु.३ अर्ब कोष स्थापना गर्ने उल्लेख भएकोमा रु.२ अर्ब मात्र बजेट विनियोजन गरी कोष खडा गरेको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारबाट कार्यविधि बनाउने उल्लेख भएकोमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि (पहिलो संशोधन सहित), २०७७ तर्जुमा भई कृषि विकास वैङ्क लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडसँग २०७७।०८।१८गते समझदारीपत्रमा हस्ताक्षर भई ऋण लगानी कार्य भइरहेको छ । कार्यक्रम बमोजिम ऋण उपलब्ध गराउन साना किसान लघुवित्त संस्थालाई रु.६० करोड र कृषि विकास बैङ्कलाई रु.८० करोड निकाशा गरेको छ । उक्त रकमबाट भएको ऋण लगानी एवं सोको उपयोगबारे प्रभावकारी अनुगमन गरेको देखिएन । ऋणको उपयोगबारे	- बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमलाई कार्यान्वयन र सोको प्रभावकारीता अभिवृद्धिका लागि अनुगमन संयन्त्रको निर्माण गर्न र कार्यान्वयन अवस्थाबारे जानकार भई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

		प्रभावकारी अनुगमन गर्नुपर्दछ।	
१२	८.२	मध्यमकालीन खर्च संरचनाको अभ्यासलाई सुदृढ तुल्याई सार्वजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र वस्तुनिष्ठ बनाउने प्रयास गरिने उल्लेख छ। यसले प्रदेशका नीति निर्माणमा थप प्रभावकारिता ल्याउने कार्यलक्ष्य तय गरेकोमा सो बमोजिम कार्य भएको पाइएन । तसर्थ नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम मध्यमकालीन खर्च संरचनाको अभ्यासलाई सुदृढ तुल्याउनु पर्दछ।	- मध्यमकालिन खर्च संरचनाको अभ्यासबाट योजना निर्माण, बजेट व्यवस्था तथा अपेक्षित लक्ष्य हासिलमा प्रभावकारिता वृद्धि हुने भएकाले यो अवस्थालाई सुद्दढ बनाउन निर्देशन दिने।
१३	८.३	अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको प्रस्ताव, प्राथमिकीकरण तथा छनौट परियोजना बैंकमार्फत गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा परियोजना बैंक स्थापना भएको पाइएन । तसर्थ योजना बैंक स्थापना गरी सोमार्फत योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ।	- योजना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन परियोजना बैंक मार्फत योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्न निर्देशन दिने।
१४	९	**आयोजनास्वीकृति-**प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययनर आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचारगरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्ला स्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय	- आयोजना स्वीकृति सम्बन्धमा प्रवदेश आर्थिक कार्यविधी नियमावली २०७६ बमोजिम गर्न तथा आयोजना निर्माण र स्वीकृतिका लागि मन्त्रालयहरुसँग समन्वय गर्न निर्देशन दिने।

		आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चितगरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयलेउपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ ।कानुनी प्रक्रिया पुरा गरेर आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ।	
१५	१०	**सोधभर्ना-**महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघीय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु.२४ करोड ५९ लाख र सोघभर्ना हुने अनुदानबाट रु.१० करोड २८ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएको छ । प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकमकोदातृ निकायगत अभिलेखमा नजनिने र सोको सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखांकनको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ।	- स्रोतगत विवरण स्पष्ट देखिने गरी अभलेख तयार गर्ने व्यवस्था मिलाउन निर्देशन दिने।
१६	११	**रकमान्तर-**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सिमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ ।	- रकमान्तरको अनुपाले योजना निर्माण र बजेट विनियोजन क्षमतालाई परिवर्तन गर्ने तथा आर्थिक वर्षको अन्तमा हुने रकमान्तरले बजेटको

		प्रदेशविनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । प्रदेशको कुल बजेट रु.५१ अर्ब ४२ करोड ७४ लाखको १० प्रतिशतले बढीमा रु.५ अर्ब १४ करोड २७ लाख रकमान्तर गर्न पाउनेमा रु.८ अर्ब ४२ करोड ३ लाख (१६.३७ प्रतिशत) रकमान्तरबाट थप/घट गरेको देखियो । उक्त रकमान्तर मध्ये २०७८ वैशाखदेखि आषाढसम्ममा रु.२ अर्ब ६९ करोड ८२ लाख ४२ हजार रकमान्तर भई थप/घट भएको छ । रकमान्तर गरेकोमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयमा वैशाखदेखि आषाढसम्म सबैभन्दा बढी ४१.०६ प्रतिशत थप भएको छ । त्यसैगरी खानेपानीसरसफाई डिभिजन कार्यालयहरूबाट भौतिक पूर्वाधार विकास मन्त्रालयमा २३.४६ प्रतिशत रकमान्तरबाट बजेट थप भएकोदेखिन्छ। सबैभन्दा बढी रकमान्तर गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रु.१ अर्ब ८८ करोड ३९ लाख ३८ हजार रकमान्तर गरेको छ । विनियोजन ऐनको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ।	स्वविकेकीय प्रयोगलाई बढवा दिने साथै खर्च क्षमता र प्रक्रियामाथिनै प्रश्न चिन्ह खडा गर्ने भएकाले रकमान्तरको अभ्यासलाई निरुत्साहित गर्न र गर्नै परेको अवस्थामा कार्यान्वयन अवधि रहेन गरी दोश्रो चौमासिकमै गरिसक्न निर्देशन दिने।
१७	१२	**अवण्डा** - स्वीकृत कार्यक्रम बमोजिम मात्र रकम खर्च गर्नुपर्दछ । मन्त्रालयले अर्थ विविध (अवण्डा) मा रु.९ अर्ब ८० करोड ६९ लाख बजेट विनियोजन गरी प्रदेश कार्यलयहरूलाई रु.७ अर्ब ९५ करोड ४३ लाख ९५ हजार निकासा उपलब्ध गराएको देखियो । कुल बजेट रु.५१	- अवण्डामा बजेट राख्ने प्रवृतिलाई अन्त्य गर्न र आकस्मिक उपयोगका लागि मात्र अवण्डा शिर्षकबाट खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने।

		अर्ब ४२ करोड ७४ लाख ९४ हजारको १५.४६ प्रतिशत बजेट अवण्डामा राखेको छ । उक्त रकम कुल खर्च रु.३५ अर्ब ५९ करोड ४८ लाख ४२ हजारको २२.३५ प्रतिशत खर्च रहेको छ । अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
१८	१३	**प्रतिवेदन प्रणाली** -अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीयतहले आफूले गरेको आय व्ययको चौमासिकविवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रदेशमा पेस गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरीआफ्नो आय-व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरणस्थानीय तहबाट सङ्कलन गरेको र अर्थ मन्त्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रुपमा सरकारका तीनवटै तहले गरेको खर्च यकिन हुन सकेन । क्षेत्रगत रुपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।	- अन्तर सरकारी समन्वय गरी प्रभावकारी र तथ्यपरक अभिलेख प्राप्त हुने गरी संयन्त्र निर्माण गर्न निर्देशन दिने।
१९	१४	**प्रगति समीक्षा-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नियमावलीमा तोकेको ढाँचामा प्रगति विवरण तयार गरेको पाइएन । तसर्थ नियमावलीले तोकेबमोजिम प्रगती प्रतिवेदन तयार गर्नुपर्दछ।	- नियमावली बमोजिम प्रगति प्रतिवेदन तयार गर्न र प्रगति समिक्षा गर्न निर्देशन दिने।

२०	१५	**वर्षान्तमा अख्तियारी**-प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ अनुसार विनियोजन ऐन जारी भएको ७ दिनभित्रअख्तियारी दिनुपर्नेमा २०७७।२।३० मा विनियोजन ऐन जारी भएकोमा उक्त नियम विपरीत २०७८।३।२८ गते भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरलाई रु.१६ करोड ९५ लाख, प्रादेशिक सडक डिभिजन कार्यालय, नुवाकोटलाई रु.११ करोड ६४ लाख ९० हजार, प्रादेशिक सडक डिभिजन कार्यालय, खुर्कोटलाई रु.११ करोड ९० लाख, पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकलाई रु.५ करोड ७० लाख र पूर्वाधार विकास कार्यालय, रामेछापलाई रु.७५ लाख १० हजारको अख्तियारी प्रदान गरेको देखियो । त्यसैगरी आषाढ ३० गते खानेपानी तथा सरसफाई डिभिजन, रामेछापलाई रु.१२ करोड ५ लाखको अख्तियारी प्रदान गरेको देखियो। वर्षान्तमा थप अख्तियारी प्रदान गर्दा कामको गुणस्तर एवं प्राप्त रकमको उपयोगमा समस्या हुने तथा कानुन अनुकूल समेत नभएकोले वर्षान्तमा अख्तियारी प्रदान गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।	- वर्षान्तमा प्रदान गरिने अख्तियारीको कार्यान्वयन हुन नसक्ने र प्रगति कमजोर देखिई समग्र क्षमतामा प्रश्न चिन्ह खडा हुने भएकाले कार्यान्वयन योग्य समय नरहेको कार्यक्रमको अख्तियारी दिने परिपाटी अन्त्य गर्न निर्देशन दिने।
२१	१६	**कार्यक्रम संशोधन**-प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था भएकोमा त्यस्तो संशोधन समयमै गर्नुपर्नेमा आर्थिक वर्षको अन्तिम समयमा समेत हुने गरेको छ। उदाहरणको लागि सुनापती गाउँपालिका र राप्ती नगरपालिका अन्तर्गतका रु.४७	- आर्थिक वर्षको अन्त्यमा हुने कार्यक्रम संशोधनले काय क्षमता र कार्यान्वयन प्रभावकारितामा प्रभाव पार्ने भएकाले यस प्रकारको परिपाटी हटाउन निर्देशन दिने।

		लाखको दुई कार्यक्रम २०७७।३।२२ र २४ गते संशोधन भएको छ। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।	
२२	१७	**दीगोविकासलक्ष्य-** प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रियस्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना,ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दीगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन। प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नु पर्दछ।	- दीगो विकासका लक्ष्यका सूचकहरुलाई आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी योजना निर्माण र उपलब्धी मापन गर्न निर्देशन दिने।
२३	१८	**म्याद थप -** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणको कारण नेपाल सरकारले २०७६।१२।११ देखि बन्दाबन्दी घोषणा गरेको हुँदा उत्पन्न असहज परिस्थितिका कारण समयमै विभिन्न कर तथा गैर कर बुझाउन नपाएका करदाताहरूलाई प्रदेश आर्थिक ऐन, २०७६ को दफा १३ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई प्रदेशभित्र २०७७ श्रावण १ देखि कार्तिक मसान्तसम्म उद्योग, पर्यटन क्षेत्रलाई जरिवाना छुट गरेको छ ।प्रदेशभित्रका उद्योग तथा वाणिज्य तर्फका प्राईभेट तथा साझेदारी फर्मको दर्ता, एवं नवीकरण गर्दा लाग्ने	- विविध कारणले कर संकलमा हुने व्यवधान कम गर्न नागरिकले विद्युतिय प्रणालीबाट सजिल कर भुक्तानी गर्न सक्ने प्रणालीको विकास गर्न निर्देशन दिने। - म्याद थपको प्रभाव र संकलित आय बिचको प्रभाव अध्ययन गरी भावी कार्यदिशा तय गर्न निर्देशन दिने।

		जरिवाना/विलम्व दस्तुर अन्य तथा गैर कर वुझाउन नपाएका करदाताहरूलाई कर तथा गैर कर राजस्व दाखिला गर्ने म्याद र सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा गैर कर राजस्व दाखिला गर्ने म्याद २०७७ साल कार्तिक मसान्तसम्म थप गरेको देखिएको छ। त्यसैगरी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन एवं आर्थिक ऐन, २०७७ को अनुसूची-२ बमोजिमको कर तथा दस्तुर सो अवधिमा नवीकरण गर्ने म्याद समाप्त भएकाको हकमा सवारी कर तथा गैर कर वुझाउन नपाएका करदाताहरूलाई सवारी साधन कर तथा गैर कर राजस्व दाखिला गर्न २०७७ साल कार्तिक मसान्तसम्म म्याद थप गरेको छ। म्याद थपबाट परेको प्रभाव तथा संकलित आय सम्बन्धमा मूल्याङ्कन गर्नुपर्दछ।	
२४	१९	**बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क**-आर्थिक ऐन, २०७७ को अनुसूची १ (ग) विविधमा काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १,२ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शुन्य दशमलव पाँच प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिने ब्यवस्था अनुरुप राजस्व शीर्षक नं. १४२१९ मा जम्मा रु.१ अर्ब ६० करोड ८३ लाख ४८ हजार रकम असुल भएकोमा प्रत्येक स्थानीय तहबाट प्राप्त हुनुपर्ने र प्राप्त भएको शुल्क रकमको प्रतिवेदन प्राप्त नभएको कारण राजस्व रकमको	- उठ्नुपर्ने रकम र प्राप्त रकमको यथार्थ जानकारी प्राप्त हुन र सम्बन्धित प्रयोजनमानै खर्च गर्ने सुनिश्चितता गर्न निर्देशन दिने।

		यथार्थता सम्बन्धमा आश्वस्त हुन सकिएन । साथै उक्त रकम बागमती सभ्यताको सुधार एवं विकासमा खर्च भएको सुनिश्चित हुन सकिएन । मन्त्रालयले अनुगमन गरी उठ्नु पर्ने राजस्व र उठ्न बाँकी राजस्व रकमको सम्बन्धमा यकिन गर्नुपर्दछ र सम्बन्धित प्रयोजनमा नै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।	
प्रदेश लेखा नियन्त्रक कार्यालय			
२५	२०	**प्रदेश सञ्चित कोष-** प्रदेश सरकारको २०७७।७८ को सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ : (रु. हजारमा)	

आय विवरण	२०७७।७८	२०७६।७७
राजस्व तथा अनुदान		
राजस्व	४४५१३४७८	३१७१९५३०
गत बर्षको मौज्दात	१७४९१४४७	१०१८२७९५
कर राजस्व	२०७८१७८६	१७५३५६२०
अन्य राजस्व	४८५०००७	२८५८२५५
ऋण लगानी फिर्ता, निकासा फिर्ता तथाबेरुजु	१३९०२३८	११४२८६०
संघीय सरकारबाटहस्तान्तरित अनुदान	१६९१४६३८	१६६३१४९७
समानीकरण अनुदान	७७१७१००	७५९६४००

		सशर्त अनुदान	७८८९३३८	७९७८४९७
		समपुरक अनुदान	८१८२००	६४६६००
		विशेष अनुदान	४९००००	४१००००
		जम्मा आय	६१४२८११६	४८३५१०२७
		व्यय विवरण		
		सञ्चित कोष माथिव्यभार हुने	१२८२९	६९५६
		चालु	१२८२९	६९५६
		पुँजीगत	०	०
		विनियोजन ऐनद्वाराखर्च	३५५८२०१३	२७९४३९१४
		चालु	१४१७३७७३	१२२६१८९३
		पुँजीगत	२०००८२३९	१५६८२०२१
		जम्मा व्यय	३५५९४८४१	२७९५०८७०
		कार्यालयबाट खर्च भएको तरबैङ्कबाट भुक्तानी भएको समायोजन खर्च	०	-४२२
		बैङ्कबाट साटन बाँकी चेक पछिकोजम्मा खर्च	०	२७९५०४४८
		अनुदान फिर्ता गरिएको रकम	२४८६७९६	२९०९१३२
		यस बर्षको बचत रकम	२३३४६४७८	१७४९१४४७
		जम्मा व्यय	६१४२८११६	४८३५१०२७
		प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:		
२६	२०.१	स्थानीय तह र अन्य सरकारी एवं गैर सरकारी निकायहरूलाई दिएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेको छ । प्रदेश सञ्चित कोषमा खर्च भएको रकममध्ये स्थानीय तहमा अनुदान वापतवित्तीय हस्तान्तरण भएको रु.६ अर्व ७३ करोड		- यथार्थपरक अभिलेख तयार गर्न र यस्ता कार्य अद्यावधिक गर्न निर्देशन दिने।

		८५ लाख ७० हजार पठाएको छ । सो मध्ये खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.४० करोड ७० लाख, समपुरक रु.७० करोड ३२ लाख र विशेषतर्फ रु.७ करोड ७४ लाख समेत गरी कुल रु.१ अर्व १८ करोड ७६ लाख फिर्ता लिनुपर्नेमा रु.१ अर्ब १ करोड ९० लाख फिर्ता लिनुपर्दछ। यसरी पठाएको सबै अनुदान प्रदेश संचित कोषमा खर्च देखाएको तर रु.१ अर्व १५ करोड ५१ लाख स्थानीय तहमा खर्च नभै फिर्ता आएकोले सो रकमले प्रदेशको खर्च तथा राजस्व वृद्धि भएको छ । निकासाको आधारमा खर्च देखाएकोले सञ्चित कोषको खर्च यथार्थपरक रहेको छैन । तसर्थ फिर्ता आएको रकमलाई हटाई हिसाब तयार गर्ने ब्यबस्था गर्नुपर्दछ।	
२७	२०.२	सहुलियतपूर्ण कर्जातर्फ संचितकोषको वार्षिक आर्थिक विवरणको ब्ययमा रु.१ अर्ब ४० करोड खर्च देखाएको छ । निकासा भएको सबै रकम खर्च हुन नसकी रु.२७ करोड ६ लाख ३७ हजार फिर्ता प्राप्त गरेकोमा खर्च नघटाई राजस्वतर्फ आम्दानी बाँधिएकोले राजस्व तथा खर्च अवास्तविक रुपमा वृद्धि हुन गएको छ । तसर्थ संचित कोषको हिसाब यथार्थपरक रहेको देखिंदैन।	- कोषको यथार्थपरक विवरण देखिने गरी अभिलेख प्रणाली विकास गर्न निर्देशन दिने।
२८	२०.३	प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन करको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी जनाउनुपर्दछ।	

२९	२१	**कार्य सञ्चालन कोष-**प्रदेश अन्तर्गतका कार्यालयहरूको अन्य कारोबारकोआय-व्यय देखिने गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट सञ्चित कोषको हिसाब समावेश गरेको छैन । यो वर्ष कार्यसञ्चालन कोषतर्फको मौज्दात रु.५४ करोड ६२ लाख ५६ हजारमा यो वर्ष प्राप्त रु.९३ करोड १७ लाख ९ हजार समेत जम्मा रु.१ अर्ब ४७ करोड ७९ लाख ६५ हजारबाट खर्च भएको रु.८४ करोड ४७ लाख ५३ हजार घटाउँदा बाँकी रहेको रु.६३ करोड ३२ लाख १२ हजार एकीकृत हिसावमा समावेश गर्नु पर्दछ।	- सबै कार्यालहरुको कारोबारको आयव्य देखिने गरी सञ्चित कोषको हिसाब समावेश गर्ने व्यवस्था मिलाउन निर्देशन दिने।
३०	२२	**आन्तरिकलेखापरीक्षण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने ब्यवस्था भएकोमा चौमासिक रुपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालना, स्रोतको नतिजामुलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । तसर्थ आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनुपर्दछ।	- जनशक्ति व्यवस्थापन गरी अनिवार्य रुपमा चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था गर्न निर्देशन दिने।
३१	२३	**आर्थिक तथा वित्तीय सुशासन-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्थामा सुधार	- आर्थिक तथा वित्तीय सुशासन कायम गराउन तथा पारदर्शिता र जवफदेहिता अभिवृद्धि गराउन आवश्यक औजार र संरचनाको व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने।

		भएको छैन ।प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ	

३.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	**आवधिक योजना -** मन्त्रालयले पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मासमावेश भए अनुसार वन तथा संरक्षित क्षेत्र छिचोलेर जाने राजमार्गमा सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरुङमार्ग वा पुलहरूको निर्माण गर्ने लक्ष्य राखेकोमा डिपिआर तयारी बाहेक निर्माण कार्यमा प्रगति भएको छैन । रसुवाको स्याफ्रुबेसी देखि लामटाङ्ग उपत्यकाको क्यान्जिङ जाने रेडपान्डा पदमार्ग र संग्रहालयको विकास गर्नेकार्यक्रम रहेकोमा संग्रहालय स्थापना सम्बन्धी कार्य भएको छैन। लगानी प्रवर्द्धन बोर्ड स्थापना गर्ने सम्बन्धमा उद्यमी सोच प्रस्ताव आव्हान गरेकोमा उपयुक्त सोच पहिचान गरी कार्यान्वयन गराएको देखिएन। पर्यटन पूर्वाधारमा निजीक्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने र काठमाडौं उपत्यकाभित्र रहेका वातावरण प्रदूषण गर्ने उद्योगहरू विकल्पसहित अन्यत्र स्थानान्तरण गर्ने कार्यक्रम रहेता पनि कार्यान्वयन भएको देखिएन । यसैगरी पर्यटन सम्भावना भएका जिरी,शैलुङ्ग,कालिन्चोक,	आवधिक योजनाले तय गरेको लक्ष्य पूरा गर्न कार्यक्रम र बजेटबिच तालमेल हुने गरि वार्षिक कार्यक्रम निर्माण र बजेट व्यवस्थापन गर्न तथा आवाधिक योजनामा तोकिएका कार्यक्रम कार्यान्ववयनलाई पहिलो प्राथमिकतामा राख्न निर्देशन दिने।

		महाभारत क्षेत्र लगायतका हिल स्टेसनमा सडक पूर्वाधार स्तरीकरण गर्ने,पर्यटन सूचना केन्द्र स्थापना गर्ने, पर्यटन पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रसँग सहकार्य गरी लगानी अभिवृद्धि गर्ने, त्रिभुवन राजपथ लगायतका मार्गलाई पर्यटन मार्गको रुपमा विकास गर्ने जस्ता कार्य आवधिक योजनामा प्राथमिकता पूर्वक उल्लेख गरेकोमा वार्षिक कार्यक्रममा समावेश गरेको छैन । आवधिक योजनामा उल्लेखित कार्यक्रमहरू वार्षिक कार्यक्रममा समावेशगरी कार्यान्वयन गर्नुपर्दछ।	
२	२	**बजेट वक्तव्य**-मन्त्रालयले आर्थिक वर्ष २०७७।७८को बजेट वक्तव्यमा प्रदेश भ्रमणदशक मनाउने उद्देश्य लिएकोमा होमेस्टे प्रवर्द्धन, नमुना पर्यटकीय गन्तव्य घोषणा, पर्यटकीय पूर्वाधार सुधार जस्ता क्षेत्रमा कार्य गरेको देखिएपनि ती कार्यक्रमहरू आवधिक योजनासँग आबद्ध नगरेकोले आवधिक योजना र बजेट वक्तव्यबीच समाञ्जस्यता देखिएन। मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापन, बृहत् वृक्षारोपण, एक समूह एक वन उद्यम, हाइटेक नर्सरी स्थापना तथा सञ्चालन, वन्यजन्तु उद्धार केन्द्र स्थापना, जलवायु परिवर्तनको असर न्यूनिकरण, विज्ञान आइडिया इन्कुवेशन केन्द्र स्थापना, एक निर्वाचन क्षेत्र एक उद्योगग्राम, वनसम्बन्धी प्रयोगशाला स्थापना जस्ता विषय बजेट वक्तव्यमा समावेश गरेकोमा सिल्भिकल्चरमा आधारित वैज्ञानिक वन व्यवस्थापनमा	आवधिक योजना र बजेट विच सामाञ्जस्यता हुने गरी कार्यक्रम तर्जुमा गरिनु पर्दछ।

		न्यून प्रगति भएको, वृक्षारोपण पछि संरक्षणको प्रवन्ध नगरेको, हाइटेक नर्सरी र वन्यजन्तु उद्धार केन्द्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरेपनि कार्यान्वयनमा नगएको,विज्ञान आइडिया इन्क्यूवेशन केन्द्र स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययनको कार्य मात्र भएकोसाथै वन प्रयोगशाला स्थापनामा उल्लेख्य प्रगति भएको देखिएको छैन । कार्यान्वयन योग्य कार्यक्रम मात्र बजेट वक्तव्यमा समावेश गरी प्रगति सूचकसँग आवद्ध गर्नुपर्दछ।	
३	३	**रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१मा रकमान्तर सम्बन्धी व्यबस्था छ । मन्त्रालयले जलाधार क्षेत्र संरक्षण र बहाव न्यूनीकरणमा शुरु बजेट रु.३७ करोड ४७ लाख ७५ हजारको ३८.१५ ले हुने रु.१४ करोड २९ लाख ६० हजार र पर्यटन प्रवर्द्धनमा शुरु बजेट रु.१८ करोड ३ लाखको ४६.९१ प्रतिशतले हुने रु. ८ करोड ४५ लाख ७५ हजार सम्म रकमान्तरबाट वजेट थप गरेको र पर्यटन पूर्वाधार निर्माणमा शुरु बजेट रु.१ अर्ब १६ करोड २३ लाखको २२.१३ प्रतिशतले हुने रु.२५ करोड ७२ लाख ३५ हजार रकमान्तरबाट घटाएकोछ। प्रस्तावित कार्यक्रम अनुसारनै क्रियाकलापहरू संचालन गरी बजेट अनुशासन पालना	रकमान्तर गर्ने कार्यले बजेट अनुशासन उल्लंघन गर्ने र वित्तीय अनुशासनमा प्रभाव पार्ने भएकाले यस्ता कार्य नियन्त्रण गर्न निर्देशन दिने।

		गर्नुपर्दछ।	
४	४	**परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा २० लाख रुपयाँ भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्नुपरेमा ऐनको दफा ३० बमोजिम राष्ट्रिय स्तरको समचारपत्रमा तोकिए बमोजिमको कुराहरू खुलाई राष्ट्रियस्तरको आशयपत्र माग गरी सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतमा परामर्श सेवा सम्बन्धित रु.५ लाखभित्रका रु.२६लाख ६३ हजारका ६ प्याकेज सोझै र रु.२० लाख भित्रका १७ प्याकेजमा प्रस्ताव माग गरी सोझै खरिद गर्नेविधिबाट रु.२करोड ९२ लाख ७९ हजारका लागत अनुमानकै हाराहारीमा खरिद भएको छ । एकै प्रकृतिको अध्ययन कार्यको लागि एउटै प्याकेज बनाई राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकतम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा मन्त्रालयले बिना प्रतिस्पर्धा खरिद गरेको छ । नियमानुसार प्रतिस्पर्धा हुनेगरी परामर्श सेवा खरिद गर्नुपर्दछ।	जिल्ला स्थित कार्यालयहरुले आफ्नो बजेट परिधी भित्र रही सार्वजनिक खरिद एन र नियमावली अनुरुप खरिद कार्य गर्न र मन्त्रालयबाट हुने कार्यमा योजनाहरुको एकीकरण गरी प्रतिस्पर्धात्मक विधीबाट खरिद गर्न निर्देशन दिने।

५	५	**वन मुद्दा** - प्रदेशभित्रका १८ डिभिजन वन कार्यालयमा गतवर्षसम्मको बाँकी मुद्दा ८३ र यो वर्ष थप १७१ समेत २५४ मुद्दामा यस वर्ष अदालतबाट ३ र डिभिजन वनबाट ४६ मात्र फस्यौंट भएकोले अदालतबाट २१ र डिभिजन वनबाट १८४ मुद्दा फस्यौंट हुन बाँकी देखिन्छ। मुद्दा फस्यौंटको भन्दा जिम्मेवारी सर्ने संख्या बढ्दै गएकोले फस्यौंट प्रणालीमा सुधार हुनुपर्ने देखिन्छ	मुद्दा फछ्र्यौंट प्रकृयालाई विशेष ध्यान दिन र प्राथामिकतामा राखी मुद्दा फछ्र्यौंट गर्न निर्देशन दिने।
६	६	**काठदाउरा मौज्दात** - बागमती प्रदेश अन्तर्गतका ११ डिभिजन वन कार्यालयमा गत वर्षको मौज्दात ७ लाख ११ हजार १६२ क्यू फिट र यस वर्ष कटान ४ लाख ८७ हजार ६९२ क्यूविक फिटसहित सालका ११ लाख ९८ हजार ८५५ क्यू फिट तथा अन्य जातका गत वर्षको मौज्दात ४८ हजार २३५ क्यू फिट र यस वर्ष कटान २ लाख ३० हजार ३७७ क्यू फिटसमेत २ लाख ७८ हजार ६०३ क्यू फिट काठ रहेकोमा यो वर्ष साल ६ लाख ६१ हजार ७६८ क्यू फिट तथा अन्य जातका २ लाख ३७ हजार ५५१ क्यू फिट बिक्री गरी ५ लाख ३७ हजार ०८८ क्यू फिट साल तथा ४१ हजार ०५१ क्यू फिट अन्य जातका काठ मौज्दात रहेको छ। मौज्दात विवरण अनुसार रु.१६ करोड ३५ लाख ४८ हजार मूल्यको २९२ क्यूफिट र रू.१करोड २६ लाख ३७ हजार मूल्यको ७२७ चट्टा दाउराको मौज्दात रहेको देखिन्छ । वर्षौंदेखि कटान भई मौज्दात रहेका काठहरू नै बिक्री भैसकेका छैनन् । मौज्दात	- मौज्दात काठदाउरालाई मुद्दाका कारण बाँकि रहेको परिमाण र सामान्य अवस्थाकव काठदाउरा मौज्दातमा वर्गीकरण गर्न महालेखापरीक्षकको कार्यालय र मन्त्रालयलाई निर्देशन दिने। - मुद्दामा रहेको मौज्दातको विक्रीको लागि मुद्दा फछ्र्यौंट तर्फ ध्यान दिन निर्देशन दिने। - लिलाम गर्न सकिने काठदाउरा तत्काल लिलाम विक्री गर्न निर्देशन दिने।

		रहेका काठ दाउरा समयमै लिलाम बिक्री नगर्दा घामपानीको कारणले गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट राजस्व आम्दानी घट्न जाने हुँदा समयमै लिलाम बिक्री गरी आम्दानी गर्नेतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ।	
७	७	**जग्गा उपयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । बागमती प्रदेश अर्न्तगतका १४वन कार्यालयले १४८ संस्थालाई ४ हजार २२० हेक्टर वन क्षेत्र उपलब्ध गराएकोमा बोलकबोल प्रथाद्वारा उपलब्ध गराएको देखिएन । यस वर्ष ६ संस्थाबाट रु.३० करोड २७ लाख ९१ हजार राजस्व प्राप्त भएपनि ८ संस्थाले राजस्व बुझाएको देखिएन । डिभिजन वन कार्यालय मकवानपुरले ८०.६६ हेक्टर वन क्षेत्रको जग्गा नेपाल विद्युत प्राधिकरणको हेटौडा ढल्केवर दुहवी ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजना चौथो खण्ड निर्माणको लागि उपलब्ध गराई रू.१३करोड ३५ लाख ४० हजार जग्गा उपयोगको राजस्व प्राप्त भएको छ । प्रति हेक्टर प्रति वर्षको दर तथा सम्झौता मिति तथा अवधि खुल्ने प्रमाण अभिलेखिकरण नगरेकोले वार्षिक रुपमा थप हुने राजस्व समेत खुल्ने देखिएन । वन क्षेत्रको प्रकृति, स्थान र सम्झौताको शर्त अनुसार राजस्व	- वन ऐन २०४९ को दफा ६८ र वन नियमावली २०५१ को नियम २० को पूर्ण पालना गरी वनक्षेत्रको उपयोग हुनुपर्दछ। - वनक्षेत्र उपयोगको अनुगमनकार्य प्रभावकारी वनाई नियमानुसार राजश्व संकलन तथा नियमन गर्न निर्देशन दिने।

		घट/बढ हुनेमासम्झौता अभिलेखिकृत नहुँदाराजस्व आम्दानीमा समेत असर पर्ने देखिन्छ । प्रतिस्पर्धात्मक तवरले वन क्षेत्र उपलब्ध गराउने एवं सम्झौताको शर्त अनुसार वन क्षेत्रको जमिन प्रयोग गरेवापतको राजस्व असुल गर्नुपर्दछ।	
८	८	**विरूवा उत्पादन**-मन्त्रालय मातहतका १३ डिभिजन वन कार्यालयले विउ खरिद, विरूवा उत्पादन, विरूवा खरिद तथा विरूवा रोपणमा रू.२करोड ४४ लाख १६ हजार खर्च गरेको छ। उत्पादन, खरिद तथा वितरण गरेका बिरूवा वितरण तथा रोपणको अभिलेख राखेको छैन । प्रत्येक वर्ष फलफुल,जडिबुटी,घाँस तथा अन्य प्रजातीका बोट बिरूवा उत्पादन र रोपणमा खर्च हुने गरेको छ। रोपिएका बिरूवाको संरक्षण र प्रतिफल प्राप्तिको सम्बन्धमा कार्यालयले अनुगमन गरी अभिलेख राखेको छैन । बिरूवा उत्पादन र रोपणमा भएको खर्चको प्रभावकारिता र नतिजा प्राप्तिको अभिलेखिकरण गर्नुपर्दछ।	विरुवा उत्पादन र रोपण मात्र नभई संरक्षण समेत हुनुपर्दछ तसर्थ विरुवा उत्पादन र रोपण भएको खर्चको प्रभावकारिता र नतिजा प्राप्तिको अभिलेखिकरण गर्न निर्देशन दिने।
९	९	**योजना हस्तान्तरण**-सार्वजनिक खरिद नियमावलीको, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभ ग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष रु.११ करोड २४ लाख ६५ हजारको विभिन्न ६७	रेखदेख र मर्मत सम्भारको जिम्मेवारी समेत वहन गर्ने गरी उपभोक्ता तथा लाभग्राहीलाई हस्तान्तरण गर्न निर्देशन दिने।

		योजना उपभोक्ता समिति मार्फत गराई कार्यसम्पन्न समेत गरेको छ। कार्यसम्पन्न पश्चात सम्बन्धित उपभोक्ता तथा लाभग्राहीलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन। मर्मत सम्भार र रेखदेख समेत गर्ने गरी हस्तान्तरण गर्नुपर्ने देखिन्छ।	
१०	१०	**वन तथा वातावरण व्यवस्थापन -** मन्त्रालयले २४ सय रोपनीमा व्यवसायिक वन विकास गरी ३२ सय रोपनीमा व्यवसायिक जडीबुटी खेती सम्पन्न भएको, १६ नर्सरीमार्फत १९ लाख विरुवा उत्पादन भएको, १६ सामुदायिक वनमा पर्यापर्यटन विकास गरेको, २८२ संवेदनशील क्षेत्रमा भू-क्षय नियन्त्रण र ९ हजार २३४ कि.मी. संरचना निर्माण गरेको जस्ता व्यहोरा मुख्य उपलब्धीको रुपमा समावेश गरेको छ । वन अतिक्रमण तथ्याङ्कका साथै अतिक्रमित वन व्यवस्थापनका सम्बन्धमा हासिल गरेको उपलब्धीका सम्बन्धमा उल्लेख भएको पाइएन । गत वर्षको प्रतिवेदनमा प्रदेश अन्तर्गतका १३ जिल्लामा ७ हजार हेक्टर वन क्षेत्र अतिक्रमण भई निर्माण भएका १६ हजार घरटहरा व्यवस्थापन गरी अतिक्रमणको अवस्था रोक्न सुझाव दिएकोमा सुझाव कार्यान्वयनका प्रयास साथै प्राप्त उपलब्धी समावेश गरी प्रतिवेदन गरेको देखिएन । वन क्षेत्र अतिक्रमण नियन्त्रणका सम्बन्धमा कार्यक्रम सञ्चालन गरी प्रभावकारीता हासिल गर्नुपर्दछ।	वन अनिक्रमण तथा अतिक्रममित वन व्यवस्थापनको सम्बन्धमा हासिल गरेका उपलब्धीको अभिलेखिकरण गर्न निर्देशन दिने।

पर्यटन विकास आयोजना			
११	११	**ठेक्काको दायित्व सृजना**-प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा चालु वर्षको बजेटले नखाम्ने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। यस आयोजनाले वहुवर्षीय ठेक्का स्वीकृत नभएका सालवसाली प्रकृतिका २०७६।७७ देखिका रु.३३ करोड ३१ लाख ९२ हजारका २० ठेक्का यस वर्ष पनि सम्पन्न नगरी रु.२३ करोड ३६ लाख ८३ हजार दायित्व बाँकी राखेको छ। आयोजना सञ्चालन तथा बजेट व्यवस्थापनमा असर हुनेगरी सालवसाली रुपमा ठेक्का सम्झौता मार्फत दायित्व सृजना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।	आयोजना छनौट र स्वीकृत गर्ने क्रममा सालवसाली आयोजनको सम्पन्न गर्ने क्षमतालाई ध्यान दिनु पर्दछ। सालवसाली हुने आयोजनाबाट आगामी वर्षलाई दायित्व सिर्जना गर्ने प्रकृतिको कार्य नगर्न निर्देशन दिने।
१२	१२	**भ्यू-टावर** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६नियम २३ अनुसार मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम सम्बन्धी मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । आयोजनालेयस वर्ष ककनी, मुढे, सिद्धबाबा चुचुरोमा भ्यू-टावर, जिरी हिल स्टेशन प्याकेज लगायत १० स्थानमा भ्यू-टावर निर्माण गर्न रु.३५ करोड ७२ लाख ४१ हजारकोलागत अनुमान स्वीकृत गरी रु.२८ करोड ५५ लाख ४४ हजारको खरिद सम्झौता गरेकोमा लाभ लागत विश्लेषण गरेको छैन । सम्झौता अनुसारककनी, चित्लाङ र मुढे सिन्धुपाल्चोकको कार्य मात्र सम्पन्न भएको छ।बाँकी निर्माणकार्यको प्रगति	आयोजना छनौटका क्रममा लागत विश्लेषण गरी उपयुक्त योजनामा मात्र बजेट विनियोजन गर्न र ठेक्का व्यवस्थापन कार्यमा विशेष ध्यान दिन साथै समयमै योजना सम्पन्न गराउन आवश्यक पहल गर्न निर्देशन दिने।

		६० प्रतिशतभन्दा न्यून रहेको छ । लाभ लागतका आधारमा योजना छनौट गरी सुरु सम्झौता अवधिभित्रै सम्पन्न गर्ने गरी निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ।	
१३	१३	**नदी किनारमा स्वीमिङ्गपुल** - समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी खोला किनारामा रु.४करोड ८१ लाख ८ हजारको लागत अनुमान र प्राकृतिक स्वीमिङ्गपुल निर्माणका लागि २०७६।१०।२६ को निर्णयानुसार श्रोत सुनिश्चितता प्राप्त गरी एकनिर्माण व्यवसायीसँग रु.३ करोड ८ लाख ३४ हजारको खरिद सम्झौता भएको छ । पहिलो पटकका लागि २०७८।८।९ सम्म म्याद थप भएको कार्यमा तेस्रो रनिङ्ग बिलसम्म रु.२ करोड ३१ लाख ९९ हजार भुक्तानीभएको छ । नदी किनारामा स्वीमिङ्ग पुल बनाउने सम्बन्धमा माग एवं आवश्यकताको पहिचान र विश्लेषण गरेको देखिएन । नदी बहाबको जोखिम क्षेत्रमा निर्माणाधीन स्वीमीङ्ग पुल नदीबाट सुरक्षित गर्न वार्षिक रुपमा थप लगानी आवश्यक पर्ने अवस्था छ । स्वीमिङ्ग पुलबाट प्राप्त हुने प्रतिफल व्यवस्थापनका साथै संचालनका सम्बन्धमा समेत नीतिगत स्पष्टता देखिँदैन । संरचनाको संरक्षणकै लागि समेत नियमित खर्च गर्नुपर्ने स्थिति छ ।लाभ लागत विश्लेषणका आधारमा विस्तृत परियोजनामा प्रतिवेदन तयार गरी योजना कार्यान्वयन गर्नुपर्दछ।	- स्वीमिङपूल निर्माण कार्य वृहत गुरुयोजना अन्तर्गत रहेको मन्त्रालयबाट जानकारी प्राप्त भएको र वृहत आयोजनाको अंशको रुपमा मात्र स्विमिङ पुल रहेकाले गुरुयोजना पूर्ण हुँद एकिकृत विकासको अपेक्षा रहेको साथै स्थलगत अनुगमन गर्दा उक्त स्विमिङ पूलको सञ्चालन तथा व्यवस्थापन कार्य विधी निमार्ण गरी सञ्चालनमा ल्याउन आवश्यक देखिएकोले सञ्चालन कार्यविधी निर्माण गर्न निर्देशन दिने।

डिभिजन वन कार्यालयहरू			
१४	१४	**व्यक्तिगत खातामा रकम दाखिला -** डिभिजन वन कार्यालय रासी, हेटौडाले निजी क्षेत्रको एक सिमेण्ट उद्योगसँग मकवानपुर जिल्ला कैलाश गाउँपालिका रुक्चेमा चुन ढुँगा उत्खननका लागि वनक्षेत्र प्रयोग गर्न भोगाधिकार सम्झौता गरेको छ । सम्झौताको बुँदा नं.३ र ४ मारहेको प्रावधान अनुसारकम्पनीले नर्सरी मर्मत र विरुवा उत्पादनको रु.८लाख ६३ हजार तत्कालीन सहायक वन अधिकृतको एन.एम.वि.वैंक स्थित व्यक्तिगत खातामा र वृक्षारोपणको प्रथम किस्ता रु.३५ लाख रा.वा.बैंक वरगाछीमा रहेको कार्यालयको खातामा दाखिला भएको छ । सिमेण्ट उद्योगसँगको सम्झौता लेखापरीक्षणमा पेस नभएकोले बाँकी किस्ता प्राप्ती सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन। सिमेण्ट उद्योगसँगको सम्झौता पेस गरी बाँकी रकम असुल हुनुपर्दछ । साथै सरकारी रकमव्यक्तिगत खातामा दाखिला गर्न मिल्ने नदेखिएकोले राजस्व खातामा दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।	रकम दाखिला गरेको प्रमाण पेश गर्ने र संमपरिक्षण गराई वेरुजु फछ्र्यौटको विवरण पेश गर्न निर्देशन दिने।
१५	१५	**जडिबुटी उत्पादन -** डिभिजन वन कार्यालय, रामेछापले जडिबुटीको बिरुवा उत्पादन, जडिबुटिको बिरुवा खरिद तथा वितरण र रोपण कार्यमा रु.४२ लाख ९९ हजार खर्च गरेको छ । विरुवाहरुकोरोपण, जिवितबिरुवाको संख्या रसंरक्षणको कार्य योजनासहित उत्पादन भएको जडिबुटीको भण्डारण, बजारीकरण र निकासी राजस्वको स्थिति सम्बन्धी	रोपिएका विरुवाको औसत प्रत्युदरको मापदण्ड तर्जुमा गरी पेश गर्न र विरुवाको मृत्युदरमा कमी ल्याउन आवश्यक कदम चाली सोको विवरण पेश गर्न निर्देशन दिने।

		अभिलेख तयार गरेको छैन। रोपण गरेका जडिबुटीका बिरुवाहरू ७० प्रतिशतमात्र जिवित रहेको कार्यालयले प्रतिकृया दिएको छ ।रोपिएका मध्ये ३० प्रतिशत जडिबुटिका बिरुवाहरूको मृत्यु हुँदा रु.१२ लाख ९० हजार नोक्सानी भएको छ । रोपिएका बिरुवाहरूको औसत मृत्युदरकोस्वीकृत मापदण्ड पेस नभएको हुँदा कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।	
भू तथा जलाधारव्यवस्थापन कार्यालयहरू			
१६	१६	**लागत सहभागिता** -मुख्यमन्त्रीस्तरको २०७६।९।२४ को निर्णय अनुसार उपभोक्ता समितिले लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुरले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका विभिन्न कार्यमा १० प्रतिशत भन्दा न्यून जन सहभागिता हुनेगरी कार्य गराएको छ । निर्माण कार्यमा रु.२६ लाख २ हजार घटी लागत सहभागिता हुने गरी भुक्तानी भएको देखियो । निर्धारित लागत सहभागिता नगराई कार्यक्रम कार्यान्वयन गर्न मिल्ने देखिएन। लागत सहभागिता जुटाई निर्माण कार्य गर्नुपर्दछ।	उपभोक्ता समितिबाट हुने कार्यमा अनिवार्य रुपमा लागत सहभागिता जुटाई कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने।
१७	१७	**बिल बिजक** -भू तथा जलाधार कार्यालय, ललितपुरले मन्डिखाटार, काठमाडौंको एक उपभोक्ता समितिलाई निर्माण सामग्री खरिद वापत रु.४७लाख ५० भुक्तानी गरेकोमा समितिले एक निर्माण सेवाको ३०१ देखि	मन्त्रालयले पेश गरेको विवरण अनुसार श्री दोलखा भिमसेन निर्माण सामाग्री सप्लायर्सको आ.व २०७७/७८ को करचुक्ता प्रमाण पत्र तथा उक्त आपूर्ति कर्ता सक्रिय रहेको व्यहोराको आन्तरिक राजश्व विभागको वेभसाइटबाट प्राप्त अभिलेख समेत पेश गरेकाले थप

		३४४ सम्मको लगातारको ४४ थान बिल संकलन गरी रु.१४ लाख १९ हजारको ढुङ्गा गिट्टी बालुवा खरिद गरेको छ ।बिल नम्बर ३०१ को विजक २०७७।११।१० मा जारी भएको र ३४४ बिजक नम्बर २०७८।३।९ मा जारी भएको देखिन्छ । कुनै एउटा आपूर्तकले ४ महिनासम्म एक समितिलाई मात्र बिक्री गरेको देखिने बिलबिजकको विश्वसनीयता देखिएन। उक्त आपूर्तिकर्ताको स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभागको वेब साइटमा खोजी गर्दा २०७२।७३ देखिनै कारोबार नदेखाई निस्क्रिय रहेको देखिएकोले पेस भएको बिल बिजकको सम्बन्धमासम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी छानबिन गर्नुपर्दछ।	निर्देशन आवश्यक नरहने।
१८	१८	**तारजाली खरिद** -उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिमको प्रकृया पुरा गर्नुपर्दछ । उपभोक्ता समिति/लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि, रोजगारीको सृजना र लाभग्राही समुदायको सहभागिता हुनुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिन्धुपाल्चोकले विभिन्न आयोजनाको कार्यक्षेत्र भित्रका ५ जिल्लाका १०६ उपभोक्ता समितिलाई रु.४ करोड ८१ लाख ३० हजार भुक्तानी गर्दा रु.३ करोड २ लाख ४८ हजार ग्याबिन तारजालीको लागि मात्र भुक्तानी भएको छ । निश्चित आपूर्तकबाट बिना प्रतिस्पर्धा तारजाली खरिद गर्ने	खास प्रकृतिको सामान खरिद गर्नुपर्ने योजनाहरुमा प्रतिस्पर्धात्मक विधीबाट खरिद गर्ने गरी कार्यान्वयन गर्न निर्देशन दिने।

		गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने, सिन्धुपाल्चोक जिल्लाका समितिहरूले समेत नुवाकोटको आपूर्तकबाट सामान खरिद गर्ने र अन्य भौगोलिक क्षेत्रका उपभोक्ताहरू समेत एकै आपूर्तकबाट सामान खरिद गर्न जानुपर्ने विश्वसनीय आधार देखिँदैन । यससम्बन्धमा विश्लेषण हुनुपर्दछ	
घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोक			
१९	१९	**सोझै खरिद** -सार्वजनिक खरिदनियमावली, २०६४ को नियम ३१ बमोजिम रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालयले रु.६४ लाख ५० हजार, मकवानपुरले रु.२६ लाख ६९ हजार. रामेछापले रु. ५९ लाखको मेसिन, उपकरण तथा सामग्रीखरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद नगरी सोझै खरिद गरेको छ । नियमावलीले व्यवस्था गरेको विधि अवलम्वन गरी खरिद गर्नुपर्दछ।	फरक फरक कार्यक्रमको खरिद भएकोले टुक्रा-टुक्रामा सोझै खरिद भएको मन्त्रालयको जवाफ भएतापनि आगामी दिनमा कार्यालयले सम्पुर्ण खरिद कार्यको एकत्रीकरण गरी प्रतिस्पर्धात्मक विधी अवलम्वन गरी खरिद गर्न निर्देशन दिने।
२०	२०	**लघु उद्यम विकास** - घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोकले गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि भोटेकोशी, त्रिपुरा सुन्दरी, लिसंखुपाखर, सुनकोशी र बलेफी गाउँपालिका तथा बाह्रविसे नगरपालिकालाई एक र पाँचपोखरी,	यस सम्बन्धमा मन्त्रालयबाट अध्ययन भई स्पष्ट जवाफ र कागजात प्रमाण पेश भए पश्चात मात्र निर्माण हुने ।

		हेलम्बु, ईन्द्रावती र जुगल गाउँपालिका तथा मेलम्ची र चौतारा साँगाचोकगढी नगरपालिकालाई अर्को गरी दुई क्लस्टरमा विभाजन गरेको छ। कार्यालयले उक्त दुई क्लस्टरमा कार्यक्रम संचालन गर्न रु.१ करोड ३ लाख ८६ हजारमा दुई संस्थासँग सम्झौता गरेको छ । सेवा प्रदायक संस्थासँग भएको सम्झौता अनुसार क्लस्टरभित्र लामो तथा छोटो अवधिका विभिन्न तालिम कार्यक्रम २०७६ माघको दोस्रो हप्तादेखि आषाढको तेस्रो हप्तासम्म संचालन गर्ने उल्लेख गरी समय तालिका पेस भएको छ । २०७६ चैत्र ११ देखि कोभिड-१९ को कारण देशव्यापी निषेधाज्ञा भएको कारण २५ जनाभन्दा बढी जम्मा हुन नपाउने र तालिम, गोष्ठी लगायत कार्यक्रम संचालन गर्न नपाउने अवस्थामासमेत ती संस्थाले कार्यसम्पन्न गरेको भनी रु.१ करोड १ लाख ८१ हजार भुक्तानी भएको छ । निषेधाज्ञा अवधिमा २५ भन्दा बढी सहभागी समावेश गरी कार्यक्रम सञ्चालन गरेको हो भन्ने सम्बन्धमा यकिन गर्नुपर्दछ। साथै कार्यालयले खर्चको प्रगति प्रतिवेदन बाहेक कार्यक्रम संचालनबाट प्राप्त उपलब्धीको अनुगमन तथा अभिलेखांकन समेत गरेको देखिएन।	
२१	२१	**प्रविधि हस्तान्तरण** -लघु घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ मा उल्लेख भए बमोजिम प्रविधि हस्तान्तरणको लागि रु.४३ लाख बजेट प्राप्त भएकोमा कार्यालयले छनौट गरेका ५८ मध्ये ५५ जना कृषकलाई खानेपानी ड्रम, सिलाई मेसिन,	

		डिफ्रीज, साईजर मेसिन, जेनेरेटर लगायत रु.४५ लाख ३४ हजारका सामग्री वितरण गरी कार्यालयबाट रु.३६ लाख ८२ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्:	
२२	२१.१	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने तथा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयलाई प्रविधि हस्तान्तरण अन्तरगत २०७६।१२।२७ मा ईच्छुक आपुर्तीकर्ताहरू सुचीकृत हुन सूचना प्रकाशन गरी सूची दर्ता गरेको एक सप्लार्यसबाट कबोल दरमै खरिद गरी रु.३६ लाख ८२ हजार खर्च गरेको छ । जसबाट खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन।	यस सम्बन्धमा प्रतिस्पर्धात्मक खरिद विधी अवलम्बन नगरी खरिद गरिनुको कारण स्पष्ट नभएकोले सो सम्बन्धमा जवाफ र कागजात प्राप्त हुनुपर्ने।
२३	२१.२	लघु घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ तथा उद्यमीसँगको सम्झौताको सशर्तमा व्यवसाय तथा उद्यमलाई ५ वर्षसम्म निरन्तरता दिनुपर्ने र उपलब्ध गराईएकोप्रविधि हस्तान्तरण तथा बिक्री गर्न नपाईने उल्लेख छ । कार्यालयले यस वर्ष ५५ जना उद्यमीलाई लागत साझेदारी समेत रु.४५ लाख ३४ हजारको प्रविधि उपलब्ध गराएकोमा सोको सदुपयोगको सम्बन्धमा अनुगमन गरी उद्देश्य अनुरुप सञ्चालन भएको सुनिश्चित हुनुपर्दछ।	
२४	२२	**नवीकरण शुल्क** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(३) मा	सफ्टवेर मार्फत सञ्चालन हुने राजश्व आम्दानी प्रणालीमा नविकरण हुन बाँकी फर्महरु र प्राप्त हुने बाँकी फर्महरु

		राजस्वको अभिलेख स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले राजस्व आम्दानी सफ्टवेयरबाट मात्र हुने भनी गरेको विवरण पेस गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार कार्यालयले व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत रु.४४ लाख ४ हजार आम्दानी गरेको छ । कार्यालयले यस वर्ष नवीकरण वापत दस्तुर उठाएको छैन । तोकिएको समयभित्र नवीकरण नगर्ने फर्महरूको विवरण अद्यावधिक नभएको कारण प्राप्त हुन बाँकी नवीकरण शुल्क यकिन गर्न सकिएन । तोकिएको अवधिभित्र विवरण अद्यावधिक नगर्ने संस्थाहरूबाट अद्यावधिक गराई जिम्मेवार गराउनुपर्दछ।	र प्राप्त हुन बाँकी नविकरण शुल्क समेत यकिन गर्ने गरी प्रमाणी आद्यावधिक गर्न निर्देशन दिने।
लगती वेरुजुको सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।			

सिन्धुपाल्चोकस्थित भोटेकोशी किनारमा निर्मित स्वीमिङ पुलको स्थलगत अनुगमनका फोटोहरु